"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

(त्रैमासिक) Quarterly

वर्ष ६, अंक ११, माघ–चैत्र, २०७४ | www.ncbl.coop | (January - March 2018)

## राष्ट्रिय सहकारी बैंकको १४ औं वार्षिक साधारणसभा सम्पन्न

## समाजवाद उन्मुख अर्थतन्त्रका लागि सहकारी उपयुक्त माध्यमः उप–राष्ट्रपति पुन

*काठमाडौं,*

उप-राष्ट्रपति नन्दबहादुर पुनले संविधानमा उल्लेख भएको समाजवाद उन्मुख अर्थतन्त्रका लागि सहकारी क्षेत्रलाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्नेमा जोड दिनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १४ वार्षिक साधारणसभा ०७४ पुस ६ गते काठमाडौंमा उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो । राजनीतिक क्रान्ति सकिएर मुलुक अब आर्थिक क्रान्तितर्फ अग्रसर भएको अवस्थामा जनतालाई आर्थिक रुपमा सम्पन्न गराउनका लागि सहकारी क्षेत्रको प्रभावकारितामा ध्यान दिन उहाँले आग्रह गर्नुभयो ।




राज्यले मात्रै देश विकास गर्न सक्दैन, त्यसका लागि नीजि क्षेत्र र सहकारी क्षेत्रको सहभागिता आवश्यक छ भन्ने संविधानको भावनालाई आत्मसाथ गर्न आग्रह गर्दै उहाँले जनतासंग रहेको श्रम, शीप र पूँजिको सही परिचालन सहकारीबाट मात्रै संभव रहेको बताउनुभयो । सहकारीहरुको प्रवर्द्धनका लागि स्थापित भएको >> बाँकी पृष्ठ १७

## बैंकद्वारा नवनियुक्त सहकारी मन्त्री र राज्यमन्त्रीलाई बधाई तथा शुभकामना व्यक्त

*काठमाडौं,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा नियुक्त हुनुभएका मन्त्रि चक्रपाणी खनाल





र राज्यमन्त्री रामकुमारी चौधरीलाई बधाई तथा सफल कार्यकालको शुभकामना ज्ञापन गरिएको छ । छुट्टाछुट्टै रुपमा नवनियुक्त मन्त्रि तथा राज्यमन्त्री द्वयलाई बधाई तथा शुभकामना ज्ञापन गर्न बैंक सञ्चालक समिति, लेखा समिति र बैंकको उच्च ब्यबस्थापनका पदाधिकारीहरुको टोलि ६ चैत गते मन्त्रालय पुगेको थियो । उक्त अबसरमा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलद्वारा नवनियुक्त मन्त्रि तथा >> बाँकी पृष्ठ १८

## चैतको तेस्रो साता दोस्रो सहकारी महासम्मेलन हुँदै

## सहकारीको योगदान बढाउने लक्ष्य

*ललितपुर,*

सहकारीका माध्यमबाट नेपालमा भएका उपलब्धीहरुको समिक्षा गरी थप प्रभावकारी बनाउने लगायतका उदेश्य राखेर आगामी चैतको तेस्रो साता काठमाडौंमा दोस्रो राष्ट्रिय सहकारी महासम्मेलन हुने भएको छ । नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालय र सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ मुख्य आयोजक तथा सहकारीका अन्य केन्द्रीय निकायहरु सहआयोजक बनेर दोस्रो सम्मेलन आयोजना गर्न लागिएको हो । आगामी चैत २१ र २२ गते हुने >> बाँकी पृष्ठ १८

## चितवन, नवलपरासी र नवलपुरमा शाखा थपिने

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुलाई सेवा दिने उदेश्यले थप तीनवटा शाखा विस्तारका लागि स्वीकृति प्राप्त गरेको छ । बैंकले फागुन १० गते नेपाल राष्ट्र बैंकबाट थप ३ वटा शाखा सञ्चालनको अनुमति प्राप्त गरेको हो । सहकारी विभागको सहमतिमा राष्ट्र बैंकले सहकारी बैंकलाई थप ३ शाखा सञ्चालनका लागि अनुमति दिएको हो । >> बाँकी पृष्ठ १८

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

**सल्लाहकार:**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक:**
रामबहादुर जि.सी.

**सदस्यहरु:**
डिल्ली पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नवीन कुमार कार्की

**सहयोगी:**
नबीन पौडेल, मनोज श्रेष्ठ, राजु ठकुरी

**ठेगाना:**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन: ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
Email: publication@ncbl.coop,
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रण:**
**Triumph Media Pvt. Ltd.**
Nayabazar, Kathmandu, Nepal
Tel. : 01- 4389321
www.triumphmedianepal.com

## सम्पादकीय

### प्रदेश र स्थानीय तहमा सहकारीमैत्री ऐन निर्माण गरौ

सहकारी ऐन २०४८ जारी भएको २६ वर्षपछि खारेज भएर सहकारी ऐन २०७४ जारी भएको छ । सहकारी ऐनको मस्यौदाका विषयमा विभिन्न क्षेत्रबाट आएका सुझाव प्रतिक्रिया र अनुभवलाई समेटेर जारी गरिएको सहकारी ऐनले सहकारी क्षेत्रलाई प्रभावकारी बनाउन योगदान गर्ने अपेक्षा राखिएको छ । यद्यपी यो ऐनका केही विषयमा सहकारी अभियानको विमती रहेको छ । कुनै पनि ऐन नियम पूर्ण हुँदैनन्, ति ऐन नियमलाई समय सापेक्ष आवश्यकताका आधारमा परिमार्जन गर्दै जानुपर्छ । सहकारी ऐन २०७४ ले सहकारीमार्फत उत्पादन, प्रशोधन, बजारीकरण लगायत सेवा क्षेत्रमा प्रभावकारीता ल्याउने प्रयास गरेको छ । ऐनमा उल्लेख हुँदैमा त्यही सम्पूर्ण होइन, ऐनलाई कसरी कार्यान्वयन गरिन्छ भन्ने महत्वपूर्ण कुरा हो ।

सहकारी ऐनले नेपालको संविधान २०७४ को मुल भावनालाई अंगिकार गरेको छ । संविधानको भावना समाजवाद उन्मुख अर्थतन्त्रका लागि सहकारीसहितको तीन खम्बे अर्थनीति हो । राज्यको परिकल्पनालाई पूर्णता दिनका लागि सहकारी ऐन सहयोगीका रुपमा आएको छ । सहकारी ऐनलाई प्रभावकारी कार्यान्वयनका लागि सहकारी नियमावली लगायत निर्देशिकाहरु आउन जरुरी छ । सहकारी ऐनमा धेरै ठाउँमा तोकिए बमोजिम उल्लेख गरिएको छ । तोकिए बमोजिम भन्ने विषयलाई निर्देशिकामा उल्लेख गरेर कार्यान्वयनलाई सहज तुल्याउन आवश्यक छ । ऐन अनुसारको नियमावली निर्माण गरेर सहकारी अभियानलाई आर्थिक विकासका तीन मध्येका महत्वपूर्ण खम्बाका रुपमा विकास गर्नका लागि यसलाई नीति संगत सञ्चालनका लागि यसबाट जनतालाई प्रतिफल प्राप्त हुने बनाउन जरुरी छ ।

संघीय संरचना अनुसार तीन तहका सरकार अन्तरगत ७ सय ६१ वटा सहकारी ऐन निर्माण हुँदैछन् । सहकारीको मुल ऐन संघीय संसदले पारित गरेर जारी भैसकेको छ । प्रदेश सरकारहरुले प्रदेश ऐनको तयारी गरिरहेका छन् । स्थानीय तहका सरकार हरुले पनि ऐन निर्माण प्रक्रिया अगाडि बढाएका छन् । सहकारी ऐन निर्माणका लागि मन्त्रालयले नमुना ऐन बनाएर दिएको छ । नमुना ऐन र संघीय ऐनका प्रावधानहरुमा केही कुरा नमिलेका छन् । जस्तै संघीय ऐनमा सहकारीका शेयर सदस्यको उमेर १६ वर्ष छ, नमुना ऐनमा १८ वर्ष छ, यो र यस्तै विषयमा समेत स्थानीय तहमा ऐन निर्माणका क्रममा विवाद देखिने गरेका छन् । संघीय ऐनको प्रतिकुल नहुनेगरी प्रदेश र स्थानीय सरकारलाई ऐन निर्माणका लागि समन्वय र दवाव आवश्यक छ । अन्यथा देशभर भिन्न भिन्न खाले सहकारी ऐन बन्दा सहकारी क्षेत्र कमजोर बन्न सक्छ । प्रदेश र स्थानीय तहमा संघीय ऐन अनुसारको सहकारी ऐन निर्माणका लागि सबै जुटौ ।

# बैंकद्वारा अर्थमन्त्री खतिवडा र रक्षामन्त्री पोखरेललाई वधाई ज्ञापन

*काठमाडौं,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा अर्थ मन्त्रालयमा नियुक्त हुनु भएका अर्थमन्त्री



डा.युवराज खतिवडा र रक्षा मन्त्रालयमा नियुक्त हुनु भएका रक्षामन्त्री ईश्वर पोखरेललाई बधाई तथा सफल कार्यकालको शुभकामना ज्ञापन गरिएको छ । अर्थमन्त्री खतिवडालाइ बधाई तथा शुभकामना ज्ञापन गर्न बैंक सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारीहरुको टोलि फागुन १५ गते अर्थ मन्त्रालय गएको थियो भने रक्षामन्त्री पोखरेललाई बधाई तथा शुभकामना ज्ञापन गर्न बैंक सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारीहरुको टोलि फागुन १५ गते नै उहाको निजी निवास पुगेको थियो ।

सो अबसरमा बैंक संचालक समिति तथा लेखा समितिका पदाधिकारी द्वारा मन्त्रीद्वयलाई बैंकको पछिल्लो वित्तीय अवस्थाबारे, बैंकले सहकारी अभियानमा निभाएको शिर्षस्थ



भूमिका साथै बैंकका बारेमा जानकारी गराईएको थियो,

>> बाँकी पृष्ठ १८

# सहकारी क्षेत्रको प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका

**विषय प्रवेश**: राज्य इच्छाको घोषणा गर्ने प्रमुख संयन्त्र संविधानले सहकारीलाई आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको माध्यमको रुपमा लिएको छ । संविधानको प्रस्तावनामा सामाजिक विविधतालाई संबोधन गरी समतामूलक समाज निर्माण गर्दै समाजवादप्रति प्रतिवद्ध राष्ट्र निर्माण गर्ने आशय राखिएको छ र यसको एक सशक्त माध्यम सहकारी हो । त्यस्तै निर्देशक सिद्धान्तले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने घोषणा गरेको छ भने राज्यका नीतिहरुमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने कार्यका लागि राज्यलाई निर्देश गरिएको छ ।

सार्वभौम नेपाली जनता आफैले लेखेको संविधान कार्यान्वयनमा छ । जनता आफैले लेखेको भएकोले संविधानमा समाजको विम्व र जनताको चाहना मुखरित हुनु स्वभाविक हो । साविकको एकात्मक राज्य प्रणालीलाई संघीय संरचनाअनुरुप संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको शासकीय संरचनाले विस्थापन गरिएको छ । संविधानले नै प्रत्येक तहका सरकारको कार्यक्षेत्र, जिम्मेवारी र स्रोत साधनको विभाजन समेत गरेको छ । यस अर्थमा राज्यका तीनैतह निर्धारित कार्यजिम्मेवारीमा शासकीय अभ्यास र यसका लागि आवश्यक स्रोत, साधन र संयन्त्र परिचालनमा स्वायत्त पनि छन् ।

राज्य पुनसंरचनाको मूल आशय नागरिक सेवालाई घर आगन (वा संभाव्य रुपमा नजिकको विन्दु) मा पुऱ्याई प्रभावकारी सेवा व्यवस्थापन गर्नु हो । नीति व्यवस्थापन र शासकीय अवसरमा आमनागरिकको सहज पहूच र सार्थक सहभागिता विस्तार गर्नु हो । यसका दुई फाइदा छन् । पहिलो, सेवा तथा नीति कार्यक्रमको लागत घट्न गै प्रभावकारिता र जवाफदेहिता बढ्न जान्छ । दोस्रो, राज्यसञ्चालनमा नागरिक सहभागिता विस्तारले बैधताको पनि विस्तार हुन्छ । राज्यका नीति कार्यक्रममा नागरिक भावना परिचालित हुनु भनेको बैधता र विस्वासको वातावरण बढ्नु हो । त्यसैले संविधानको धारा ५७ ले राज्यका तहहरुको कार्यक्षेत्र उल्लेख गरेको छ भने अनुसूचीहरु (५ संघको एकल अधिकार सूची, ६ प्रदेशको एकल अधिकार सूची, ७ संघ र प्रदेशको साझा अधिकार सूची, ८ स्थानीय तहको अधिकार सूची र ९ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची) ले शासकीय तहहरुको एकल र साझा अधिकार सूची उल्लेख गरेको छ । साथै संविधानका अन्य धाराले स्रोत, साधनको समेत राज्यका तहहरुमा विभाजन गरी तहहरुलाई तोकिएको कार्यक्षेत्रमा काम गर्ने सामर्थ्य दिएको छ । यसर्थ संघीय तह मात्र होइन, प्रदेश तथा स्थानीय तह पनि सरकार हुन् र उनीहरुले कार्यजिम्मेवारी, साधन र संयन्त्र साथसाथ अभ्यास गर्न सक्षम छन् ।

संविधानतः स्थानीय तह (सरकार) भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई जनाउदछ । यी स्थानीय सरकार नै राज्य पुनसंरचनाका संयन्त्र हुन् र लोकतन्त्रलाई जनतस्तरमा पुऱ्याई कार्यमूलक र संस्थागत गर्ने राज्यशक्ति यिनै स्थानीय तहलाई छ । संविधान अनुसार राज्यशक्ति भन्नाले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकार सम्झनु पर्दछ र यसले अवशिष्ट अधिकारलाई समेत जनाउछ । यसर्थ अव स्थानीय तहको आफ्नै कार्यपालिका, आफ्नै विधि निर्मातृ सभा र न्यायिक संयन्त्र छ र यसलाई क्रियाशीलता प्रदान गर्नका लागि स्थानीय सेवा गठन तथा सञ्चालन गर्ने अधिकार पनि स्थानीय तहमा छ । कार्यपालिका छ भन्नुको मतलव जनताका अपेक्षा पूरा गर्ने स्थानीय सरोकारका विषयमा नीति, कार्यक्रम कार्यान्वयन गर्न स्रोत, साधन र शक्ति प्रयोग गर्ने स्वायत्त हैसियत राख्दछन् भन्ने हो । विधि निमार्तृ सभा छ भन्नुको अर्थ स्थानीय कार्यक्षेत्रमा कानून बनाउन उनीहरु सक्षम छन् । न्यायपालिका छ भन्नुको मतलव स्थानीय विवाद निरुपण र न्याय सम्पादन गर्ने शक्ति र संयन्त्र पनि छ भन्नु हो ।

त्यसैले यी तहहरु अव स्थानीय सरकार हुन्



गोपीनाथ मैनाली
सचिव, सहकारी तथा गरिवी निवारण मन्त्रालय

र आफ्ना कार्यक्षेत्रमा कार्यसम्पादन गर्न स्वाधिन छन् । यति मात्र होइन, जिम्मेवारी बहन गर्न वाध्य पनि छन् । उनीहरुको कार्यसम्पादनको जवाफदेहिता निर्वाहको स्वचालित प्रणाली पनि छ । तर नेपालले अवलम्वन गरेको संघीय शासन प्रणाली स्वायत्त-पृथकभन्दा पनि सहकारितामूलक भएकोले कतिपय अवस्थामा शासकीय तहबीच पारस्परिकताको अन्तरसम्बन्ध देखिन्छ । त्यसलै कतिपयले यसलाई संघीयताभन्दा पनि शासकीय तहबीचको सहसम्बन्ध प्रणाली भने हुन्छ भनेका छन् । चाहे जेहोस संविधानले नै कार्यजिम्मेवारी, कार्यसंरचना र यसका लागि चाहिने स्रोतसाधनको निक्षेपण गरेको छ ।

संविधानको अनुसूची तथा संघीय कानूनमा विभिन्न तहहरुको कामसंग सम्बन्धित विषयलाई विश्लेषण गरी सो कार्यविस्तृतीकरणको प्रतिवेदनलाई कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले गत २०७३/१०/१८ मा स्वीकृत गरेको छ । कार्यविश्लेषण र जिम्मेवारी बाँडफाँडको मुख्य उद्देश्य सेवा प्रवाहमा विश्वासनीयता ल्याउनु र कामको जिम्मेवारी स्पष्ट किटान गरी अन्तरसरकारी सम्बन्धलाई सुदृढ पार्नु हो । कार्यविस्तृतीकरण गर्दा संविधान र केही आधारभूत सिद्धान्तलाई आधार लिइएको छ । यसमा लिइएका प्रमुख आधार तथा सिद्धान्तहरु यी हुन् :

- दक्षता र सन्निकटा (Efficiency and Subsidiaruty)
- आयतनको लाभ (Economies of scale)
- बाह्य प्रभाव (Externalities or

spill-over jurisdiction)

- समानता र समावेशी (Equity and inclusion)
- समष्टिगत आर्थिक स्थीरता (Overall Economic stability)
- राष्ट्रिय प्राथमिकता र विषयको लक्ष्य (National interest & goals)
- जवाफदेहिता र क्षमता (Accountability & capacity)
- नीति, मापदण्ड, नियमन, वित्तीय स्रोत, सेवा प्रवाह, सेवा प्रवाहको लागत
- सहकारिता, समन्वय र सहअस्तित्व (Cooperative, coordination &coexistence)

उल्लिखति सिद्धान्त अनुसार जुन मुकामबाट सेवा तथा कार्य गर्दा लागत कम हुन्छ, प्रभावकारिता बढ्छ, जोखिम न्यून हुन्छ र जवाफदेहिता समेत सवल हुन्छ, त्यहीबाट गर्नु पर्दछ । संघीयता वा कार्यनिक्षेपणको मान्यता पनि यही हो, कार्यक्षेत्र निर्धारणको मान्यता पनि यही हो । किनकी सर्वसाधारण जनता आफूले तिरेको करको उच्चतम मूल्य चाहन्छन्, सेवाको पहूच सहज होस भन्ने चाहन्छन् भने सेवाको लागत कम र गुणस्तर उच्च होस भन्ने अपेक्षा गर्दछन् । लोकतन्त्रमा सर्वसाधारणको यस प्रकारको अपेक्षा रहन्छ र संविधान र राज्यका संरचनाले यस अपेक्षालाई कार्यान्वयन गर्नु पर्दछ । त्यही राज्यप्रणाली जवाफदेही ठानिन्छ जुन जनअपेक्षा अनुसार काम गर्दछ ।

संविधानले सहकारीलाई उच्च महत्व दिई सहकारी क्षेत्रलाई राज्यका तीनै तहको कार्यक्षेत्रमा विनियोजन गरेको छ भने केही कार्यक्षेत्रलाई तहबीचको साझा अधिकारको सूचीमा समावेश गरेको छ । कार्य आयतन वा कामको फैलावट, संवोधन गर्नुपर्ने सेवाग्राहीको अवस्थिति र क्षमताका आधारमा कार्यविभाजन गरिएको पाइन्छ । संविधानको धारा ५७ र अनुसूची ५ मा उल्लेख भएअनुरुप कार्यविस्तृतीकरणको प्रतिवेदन अनुसार संघको सहकारी सम्बन्धमा संघको एकल अधिकार क्षेत्र यी कुराहरु रहेका छन् :

- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन,
- राष्ट्रियस्तरमा हुने स्थापना हुने सहकारी बैंकको अनुमति र नियमन,
- सहकारी सम्बन्धी अन्तराष्ट्रिय संघ संस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी सम्बन्धी राष्ट्रिय र केन्द्रीय विषयगत संघ संस्थासंग सम्बन्ध र सहकार्य,
- अन्तरप्रादेशिक सहकारी समन्वय,
- सहकारी सम्बन्धी क्षमता अभिबृद्धि,
- सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन,
- बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन ।

यसरी संघीय सरकारलाई सहकारीको नीति, मापदण्ड, समन्वय र क्षमता विकासमा प्रभावकारी रुपमा परिचालन गर्न खोजिएको देखिन्छ । यस क्षेत्रमा हालसम्म पनि नगरिएको र गर्नेपर्ने कार्य अनुसन्धान र ज्ञानको आधार संस्थागत गर्ने कार्य हो, यसको जिम्मेवारी पनि संघलाई दिइएको छ । तर सामान्य सेवा प्रवाह र प्रशासकीय औपचारिकताबाट संघलाई अलग्याइएको छ ।

त्यस्तै अनुसूची ६ को कार्य विस्तृती अनुसार प्रादेशिक सरकारलाई यी अधिकार

- सहकारी संस्था सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- प्रादेशिक सहकारी संस्थासहकारी संघ, सहकारी बैंक सम्बन्धी अनुमति, सञ्चालन, र नियमन,
- सहकारी बचत तथा ऋण सम्बन्धी प्रादेशिक मापदण्ड र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक संघसंस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी प्रादेशिक एवम् स्थानीय तहभित्रका संघसंस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी सम्बन्धी क्षमता अभिबृद्धि,
- सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन ।

प्रदेश तहको अधिकार र कार्यजिम्मेवारी प्रादेशिक तहमा सीमित गरिएको छ जुन संगठन र कार्यविवरणको सिद्धान्त अनुरुप छ । साथै प्रदेश तह संघ तथा स्थानीय तहबीचको सम्पर्क र समन्वयको मध्यस्थ विन्दु पनि हो भने यसले समतलीय र ठाडो रुपमा सहकार्यको कार्यजिम्मेवारी पनि निर्वाह गर्नसक्दछ ।

अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकार क्षेत्रमा स्थानीय तहलाई निक्षेपित अधिकार र कार्यक्षेत्रहरु :

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन,
- सहकारी बचत तथा ऋण सम्बन्धी स्थानीय मापदण्ड र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारी सम्बन्धी क्षमता अभिबृद्धि,
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन,
- सहकारी संस्थाको प्रवर्द्धन र विकास ।

स्थानीय सरकारलाई स्थानीय तह कार्यक्षेत्र भएका सहकारी सम्बन्धी सवैजसो कार्यमूलक अधिकार दिइएको छ । सहकारी दर्ता, नियामन, प्रवर्द्धन र प्रशिक्षण जस्ता स्थानीय तहसम्म क्षेत्राधिकार भएका कार्यहरु स्थानीय तहमा निहित छन् । कार्यविस्तृतीकरणमा उल्लिखित कार्यक्षेत्र स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ (१) (घ) गाउपालिका तथा नगरपालिकाको काम कर्त्तव्य र अधिकारमा समावेश गरिएको छ । साथै अनुसूची ९ मा संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकार उल्लेख गरिएको छ । यी अधिकारहरु प्रयोग गर्दा संविधानको अनुसूची ८ को सर्वमान्यतामा र सहकारीका मान्य सिद्धान्त एवम् संघीय कानूनको भावनामा

असर नपर्ने गरी गरिनु पर्दछ ।

संवैधानिक र कानूनी व्यवस्था जे जस्तो भए पनि संघीयता नेपालका लागि नौलो प्रणाली हो । संघीयता अभ्यासका सन्दर्भमा नेपालको आफ्नो अनुभव छैन । फेरि तीन शासकीय तह भएको संघीयता भएका थोरै मुलुकमध्ये नेपाल एक हो । राज्यका तहहरुबीच अन्तरसम्बन्ध र स्वायत्तताको सन्तुलन कसरी गर्ने ? शक्ति, साधन र स्रोतको अभ्यास कसरी गर्ने ? भन्ने बुझाइ, सिकाइ र अनुभव पनि हामीसंग छैन । असल सोच, धेरै आकांक्षा र जनसमर्थन मात्र छ । यो नै संघीयता अभ्यासको उर्जा हो । यस अवस्थामा भावी मार्ग तय गर्नका लागि पनि असल शुरुवात गर्नु आवश्यक छ । राम्रो शुरुवात नै सफलताको आधार हो ।

स्थानीय सरकार स्थानीय सरोकारका विषयमा स्थानीय नागरिकसंग सहकार्य गर्ने नागरिकहरुको आफ्नो निकाय हो । त्यसैले संविधान तथा कानूनले स्थानीय सरकारलाई सम्बद्ध विषयको कानून तथा नीति बनाउने, प्रशासन तथा व्यवस्थापन गर्ने लगायतका आवश्यक कार्य गर्नसक्ने देखिन्छ । केहीअघि निर्वाचित भै क्रियाशील हुन थालेका स्थानीय सरकारमा प्रणाली निर्माण भैसकेको छैन भने आवश्यक कानून तथा संरचना पनि निर्माण भैसकेका छैनन् । कार्यविस्तृतीकरण प्रतिवेदन अनुरुप विषयगत मन्त्रालयबाट सम्पादित काम तथा अभिलेखको पूर्ण हस्तान्तरण समेत भैसकको छैन । साथै हस्तान्तरित कार्यका लागि अभिमुखीकरण र क्षमता विकासका काम भर्खर मात्र शुरु भएका छन् । यस अवस्थामा संविधानको अनुसूची र कार्यविस्तीकरणमा उल्लेख भएका सम्बद्ध कार्यव्यवस्थापन गर्न जटिलता छ भने कार्यसम्पादन नगर्दा स्थानीस सेवाग्राही मर्कामा पर्ने एवम् उसको नैसर्गिक हक उपयोग गर्नबाट बञ्चित हुने संभावना पनि छ ।

उल्लिखित समस्या सहकारी क्षेत्रमा पनि देखिएको छ । संविधानतः स्थानीय तहको सहकारीको दर्ता, प्रशासन, नियमन र प्रवर्द्धनको काम स्थानीय सरकार (गाउ कार्यपालिका/नगर कार्यपालिका) मा गएको छ तर अभिलेख हस्तान्तरणको प्रक्रिया भर्खर शुरु भएको छ, स्थानीय सरकारले आफ्नो सहकारी ऐन तर्जुमा गरेका छैनन् । संघीय सहकारी ऐन कार्यान्वयनमा आए पनि नियमवली तर्जुमाको क्रममा रहेकाले केही द्वीविधा पर्नसक्ने वा अष्पष्टता रही थप व्याख्या चाहिने अवस्था छ । यसलाई फुकाउन नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सरोकारवालासंग सामान्य परामर्शमा तयार पारेको (क) स्थानीय तहको निमित्त नमूना सहकारी ऐन, २०७४ र (ख) सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह, २०७४ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत स्थानीय तहसम्म पुऱ्याउने काम गरेको छ । जसले केही हदसम्म स्थानीय सरकारलाई नीति तर्जुमाको कार्य गर्न, कानून तर्जुमामा एकरुपता र सहजता कायम गर्न एवम् सहकारीको दर्ता प्रशासनका लागि सहयोग पुग्नेछ ।

## सहकारी प्रवर्द्धन सम्बन्धमा स्थानीय सरकारको भूमिका

संविधान अनुसार स्थानीय सरकारको कार्यक्षेत्रमा स्थानीय सहकारी पर्ने भएकोले साविकमा सहकारी विभाग (र मातहत कार्यालय) बाट दर्ता हुँदै आएका प्रारम्भिक सहकारी संस्थाहरुको दर्ता स्थानीय सरकारको कार्यक्षेत्रमा गएको छ । यसका लागि प्रत्येक स्थानीय सरकारले सहकारी ऐन बनाउन सक्नेछ । स्थानीय तहको सभाबाट ऐन पारित भै कार्यान्वयनमा नआएसम्मका लागि सहकारी ऐन, २०७४ को दफा १५० ले गरेको अन्तरिम व्यवस्था अनुसार कार्यसम्पादन गर्ने व्यवस्था छ । सोलाई समेत आधार मानी मन्त्रालयले सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह), २०७४ जारी गरेको छ । जस अनुसार : :

- स्थानीय तहबाट कानून नवनेसम्मका लागि स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको दर्ता स्थानीय तहबाट हुन्छ । कानून बनेपछि सोही कानूनको अधिनमा रही स्थानीय तहबाट हुने कुरा स्वतः स्पष्ट छ ।

- सहकारी विभागका रजिष्ट्रारले प्रयोग गरी आएको अधिकार सम्बन्धित स्थानीय तहको कार्यपालिकाले तोकेको अधिकारीले प्रयोग गर्ने ।

- स्थानीय तहमा दर्ता हुने र स्थानीय तहसम्म कार्यक्षेत्र भएका प्रारम्भिक सहकारीको नियम स्थानीय तहबाट हुने ।

-स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका प्रारम्भिक सहकारी संस्थाहरुले सम्बन्धित स्थानीय तहमा सञ्चालन गरेका गतिवधिहरुमा स्थानीय तहकै सरोकार रहने भएकाले त्यस्ता संस्था पनि नियमनको दायरामा पर्ने ।

- स्थानीय तहले सहकारी नियमन गर्ने सम्बन्धमा दिग्दर्शनले तीन विकल्प अघि सारेको छ : (क) पहिलो, स्थानीय तहले भिन्दै ऐन बनाउने, (ख) दोस्रो, मन्त्रालयबाट तर्जुमा भै सन्दर्भका लागि प्रेषित नमूना ऐन पारित गरेर गर्ने र (ग) तेस्रो, सहकारी ऐन २०७४ मा भएको व्यवस्था अनुसार गर्ने । दोस्रो विकल्प अनुसार ऐन तर्जुमा गर्दा संघीय सहकारी ऐनको भावनामा आँच नआउने गरी आवश्यक परिमार्जन गर्न समेत सकिन्छ ।

- सहकारी नियमन, प्रवर्द्धन एवम् प्रशिक्षणका कार्यसम्पादनका लागि स्थानीय कार्यपालिकाले कार्यकारी अधिकृतलाई दर्ता अधिकारी तोकी आवश्यक कर्मचारी सहित कार्यालय वा शाखा खडा गर्ने ।
- दर्ता अधिकारीले संस्था दर्ता गर्ने वेला सहकारीपनको सुनिश्चितता छ छैन ? सो को जाँच गर्ने जिम्मेवारी बहन गर्ने ।
- सहकारीपन सुनिश्चितताका लागि दिग्दर्शनको अनुसची १, २ अनुसार सहकारी सिद्धान्त सम्मतिको जाँच गर्ने ।
- सहकारी संस्था सहकारी सस्था जस्तै होस् भन्नका खातिर दर्ता अधिकारीले यी पाँच पूर्वशर्त एक एक गरी पूरा भएको सुनिश्चित गर्ने :
- गैरमध्यस्थ सदस्यताका शर्त
- सेवा उपयोगको शर्त
- सदस्य केन्द्रीयताको शर्त
- नाफामा असहभागिताको शर्त
- सहभागितामूलक लोकतन्त्रको शर्त ।
- सहकारी संगठन (क) प्राथमिक उत्पादक,

(ख) वास्तविक श्रमिक र (ग) सर्वसाधारण उपभोक्ता तीनथरी आर्थिक प्रवृत्ति भएका वर्गले मात्र स्थापना र सञ्चालन गर्न सक्दछन् । दर्ता अधिकारी यी विषयप्रति पनि चनाखो हुनु पर्दछ ।

- दर्ता गर्दा सहकारी कार्यालयबाट अभिलेख हस्तान्तरण भै आएका संस्थाहरुको त्यही दर्ता कायम गरी पछि हुने दर्ताकै सिलसिलेवार क्रम कायम गर्नुपर्दछ ।
- स्थानीय तहले दर्ताको क्रममा यीमध्ये कुन प्रकृतिको सहकारी संस्था हो सो को एकीन गरी वर्गिकृत गर्नु आवश्यक हुन्छ :
- उत्पादक संस्था
- उपभोक्ता संस्था
- श्रमिक संस्था
- बहुउद्देश्यीय संस्था
- दर्ता पछि स्थानीय सरकारको महत्वपूर्ण काम नियमन हो । यसका लागि विस्तृत छानिवन हो । जसबाट संस्थाहरु सहकारीका मूल्य, मान्यता सिद्धान्त र कानून अनुसार क्रियाशिल गराउन मद्दत पुग्छ । छानविनका प्रयोजनका लागि दिग्दर्शनको अनुसूची १, २ र ३ (क्रमश: सिद्धान्त सम्मति, वधि सम्मति र सुशासन सम्मतिको जाँच) मा उल्लिखित कुरालाई आधार मान्न सकिन्छ ।
- नियमनका क्रममा सहकारी सिद्धान्त, विधि, सुशासनका पक्षहरुमा विस्तृत रुपमा हेर्न स्थालगत निरिक्षण आवश्यक हुनसक्दछ ।
- प्रारम्भिक/स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको पुनर्गठनको अधिकार स्थानीय सरकारमा छ । कार्यकरण, कार्यक्षेत्र, कार्यप्रकृतिलाई आधार मानेर संस्थाको पुनर्गठन/एकीकरण वा रुपान्तरण गर्न सकिन्छ ।
- स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्य सहकारीको प्रवर्द्धन हो । यसका लागि यी कार्य गर्न सकिन्छ :
- सहकारी विचारको सञ्चार
- सहकारी संघठनमा सहजीकरण
- सहकारी संगठनको पुनसंरचना
- सहकारी व्यवसायमा सहयोग
- स्थानीय संभावना अनुरुप सहकार्यमा मार्गदर्शन, सहजीकरण र शिक्षा, यसका लागि विशेष नीति र कार्यक्रम सञ्चालन ।
- प्रशिक्षण, क्षमता विकास र सहकार्य ।
- सहकारी संस्था र यसका क्रियाकलापहरुको अभिलेख तथा सूचना व्यवस्थापन (कोपोमिसको आद्यवधिक लगायत) ।
- सहकारी गतिविधिको अध्ययन र अनुसन्धान ।
- अनुभवको आदान प्रदानका लागि विषयगत संघ, सहकारी महासंघ र अन्य सरकारी गैरसरकारी निकायसंग सहकार्य ।

## भूमिका निर्वाहका सन्दर्भमा केही थप सवाल

सहकारी एकल विषय नभै अन्तरसम्बन्धित विषय क्षेत्र हो । यसको कार्यप्रकृति विस्तृत छ र विभिन्न विषयगत कार्यबाट यसले आर्थिक गतिविधिलाई जनस्तरबाट नै गतिशील बनाउने उर्जा उत्पादन गर्दछ । यही कुरालाई हृदयंगम गरेर नै चालू आवधिक योजनाले यस क्षेत्रको भूमिका करिव पाँच प्रतिशत हुने आंकलन गरी त्यसैअनुरुपको भूमिका अपेक्षा गरेको छ । तर विषयगत मन्त्रालयहरु एकीकृत सोचभन्दा एकल सोचमा रहने प्रबृत्तिका कारण यस क्षेत्रको जोखिम विद्यमान छ । त्यस्तै निर्वाचित स्थानीय तहहरुले बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा कम महत्व दिने संभावना पनि उत्तिकै छ भने स्थानीय कार्यपालिकाभित्र सहकारी विषयगत शाखा/प्रशाखा तोक्ने र त्यहा संलग्न जनशक्तिको क्षमता विकास गर्ने कामलाई प्राथमिकतामा पुऱ्याउने पनि समस्या छ । त्यस्तै स्थानीय सहकारीमार्फत प्रवाह गर्न सकिने सेवामा सरकारी संरचनाभित्र र बाहिरबाट गरिदै आएका कामलाई सहकारी सञ्जालभित्र कसरी ल्याउने भन्ने अर्को समस्या छ । सहकारीलाई दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्न, जलवायु परिवर्तन सम्बन्धी स्थानीय अनुकूलन कार्यक्रम सञ्चालन गर्न र स्थानवैशेषिक क्रियाकालप सञ्चालनमा सहकारीको बृहद सञ्जाल प्रयोग गर्ने सन्दर्भमा पनि स्थानीय सरकार उत्प्रेरक, समन्वयकर्ता, सहजकर्ता र दिग्दर्शक भूमिकामा रहनुको विकल्प छैन ।

स्थानीय सरकार भर्खरै मात्र सञ्चालनमा आएकोले पनि हुनसक्छ, स्थानीय नीति तथा कार्यक्रम तर्जुमा र अन्य सरोकारका विषयमा स्थानीय सहकारी संघ, विषयगत संघहरु र सहकारी अभियान विज्ञहरुको विचार अनुभवलाई उपयोग गर्न सकिएको छैन । परिणमत: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (१) (घ) अनुसारका सहकारी सम्बन्धी नीति कानून तथा बार्षिक योजना तर्जुमाको कार्यमा सहजीकरण भएको छैन । यस तर्फ पनि स्थानीय सरकारको ध्यान जरुरी छ ।

लामो समयदेखिको आर्थिक तथा राजनैतिक संक्रमणको प्रभाव सहकारी क्षेत्रमा पनि छ । सहकारीले संख्यात्मक विस्तारको चरण त पूरा गर्न लागेको छ, तर क्रियाशीलता, कार्यविशिष्ठीकरण र स्थानीयकरणमा सहकारीलाई पुऱ्याउन थुप्रै गर्न बाँकी छ । समान कार्यप्रकृतिका आधारमा विशिष्ठीकरण र एकीकरण गर्न पहल गर्नुपर्ने आवश्यकता पनि छ । समावेशी संस्कृति सहकारीले दिनसकछ, यसको आवश्यकता ग्रामीण भेगमा बढी छ तर क्रियाकलाप शहरतर्फ बढी छन् । संभावना र आवश्यकता पनि गाउमा नै बढी हो तर आयतन र व्यवसायका कारणले आकर्षण शहरमा बढी छ । सीमित सहकारीका आलोचित क्रियाकलापबाट समग्र सहकारी अभियानलाई अलग राख्न पनि स्थानीय सरकार र सहकारी संघबीचको सहकार्य आवश्यक छ । स्थानीय सरकारले सहकारीको महत्वलाई गम्भीरतासाथ लिएपछि यी समस्याको धेरै हल हुने सम्भावना छ । सहकारी ऐन, २०७४ ले सहकारी प्रवर्द्धनका लागि कर लगायत सुविधा र छुटको व्यवस्था गरेको छ । सहकारी तथा गरिबी निवारण मन्त्रालयको सिफारिसपछि ऐनले व्यवस्था गरेका सुविधा नेपाल सरकारले उपलब्ध गराउने कानूनी प्रावधान छ । तर कर छुटको सन्दर्भमा आर्थिक ऐनमा समावेश नभएको सहुलियत कसरी उपलब्ध गराउने भन्ने द्वीविधा छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सहकारी ऐन, २०७४ का प्रावधानबीच समन्वीत देखिएको छैन । अन्य क्षेत्रगत कानूनमा समेत सहकारी ऐनका भावनासंग मेल नखाने प्रावधान रहेका हुनसक्छन् । यी सवालहरुमा साझा बुझाई विकास भएपछि सहकारी प्रवर्द्धन गर्न सघाउ पुग्ने देखिन्छ ।

### उपसंहार

मुलुक पहिलो पटक संघीयताको अभ्यासमा गैरहेको छ । राजकीय स्रोत, शक्ति र जिम्मेवारी विभाजनका क्रममा नेपालको आफ्नो अनुभव नभएकोले पनि केही अन्यौल रहनसक्ने स्थिति छ। तर संविधानको निर्दिष्टता, संघीय कानून तथा नमूना कानून एवम् दिग्दर्शन र अभिमुखीकरणले अभ्यासलाई व्यवस्थित बनाउने आधार दिएको छ । सम्बद्ध निकायहरुले राज्यका साझा मूल्य, विषयत कानूनको मनन गरी जनतालाई केन्द्रविन्दुमा राखेर आफ्नो भूमिका निर्वाह गर्दा भविष्यको बाटो स्वत सहज हुनेछ ।

### सन्दर्भ

१. नेपालको संविधान, २०७२
२. कार्यविस्तृतीकरणको प्रतिवेदन, २०७३
३. सहकारी सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७४
४. सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह), २०७४
५. स्थानीय तहको निमित्त नमूना सहकारी एन, २०७४
६. स्थानीय तह सञ्चालनऐन, २०७४

## कञ्चनपुरमा सेवा विषयक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न

*कन्चनपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीको आयोजनामा कंचनपुरमा बैंक बारे १ दिने सेवा विषयक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै कार्यक्रममा प्रमुख अतिथि एबं पुनर्वास नगरपालिका नगर प्रमुख जीवनराज थापाले नेपालमा सहकारी संघ संस्थाहरुले ग्रामिण स्तर देखी जनताको आर्थिक विकासमा हातेमालो गरेको प्रति प्रसंशा व्यक्त गर्नुभयो साथै सहकारी बैंकले सबै खालका सहकारी संस्थाहरुको आवश्यकतालाई बुझी सेवा प्रदान गर्न सुझाव दिनुभयो । त्यस्तै सहकारी विकास बोर्डका संचालक भरत बहादुर विष्टले सहकारी बैंकमा सबै सहकारी संघरसंस्थाहरु आवद्ध भै बैंकको सेवा वाट लाभ लिन सुझाव दिनुभयो ।

३८ वटा सहकारी संघ/संस्थाहरुका प्रतिनिधिहरु सहभागी उक्त कार्यक्रममा बैंकको परिचय, सेवा, बैंकका गतिबिधि



साथै भावि रणनीतिका विषयमा बैंकको धनगढी शाखाका प्रमुख कृष्ण रावलले बताउनु भएको थियो। बेलौरी र पुनर्वास नगरपालिका कंचनपुरका सहकारी संघ संस्थाका प्रतिनिधिहरुलाई लक्षित गरि कार्यक्रम सम्पन्न भएको थियो ।

## प्युठानमा सहकारी बैंक सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न

*प्युठान,*

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दाङको आयोजना र जिल्ला सहकारी संघ प्युठानको स्थानिय व्यवस्थापनमा सहकारी बैंक सम्वन्धी अभिमुखीकरण गोष्ठि फागुन १८ गते प्युठानको बिजुवारमा सम्पन्न भएको छ । जिल्ला सहकारी संघ प्युठानका अध्यक्ष जिवलाल न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला सम्वन्वय समिति प्युठानका प्रमुख केशवराज आचार्य, डिभिजन सहकारी कार्यालय दाङका प्रमुख बिनोद पौडेल लगायतले सहकारी अभियानलाई प्रभावकारी बनाउनका लागि सहकारी बैंकको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको थियो । कार्यक्रममा प्युठान जिल्लाका ८० वटा सहकारी संघ संस्थाहरुका प्रतिनिधहरुको उपस्थितिमा



सम्पन्न भएको छ ।

गोष्ठिमा राष्ट्रिय सहकारी बैंक दाङ शाखा प्रमुख नारायण बेल्वासेले राष्ट्रिय सहकारी बैंकको वर्तमान अवस्था, भावि योजना, सहकारी संघ/संस्था र सहकारी बैंक बिचको सम्वन्धको बारेमा प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा कृषि सहकारी संघ लिमिटेड प्युठानका अध्यक्ष दिन बहादुर डि.सि. र बचत तथा ऋण सहकारी संस्था लि प्युठानका सचिव भोज बहादुर बस्नेत लगाएतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

# दोस्रो सहकारी महासम्मेलन हुदैः नयाँ दिशा कोर्ने

नेपालको सहकारी अभियानले ६० बर्ष पुरा गरेको छ। यस अवधिमा नेपालको सहकारी अभियानले प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल गरेको छ । ६४ लाखभन्दा बढि नागरिक सहकारीमा आवद्ध भइसकेका छन् । अब सहकारी व्यवसायीकतातर्फ अगाडि बढ्नु पर्ने समयको माग हो। सहकारी दशेकै सबैभन्दा धेरै नागरिक आवद्ध भएको अभियान भएको पनि यस अभियानले समृद्ध मुलुक निर्माणमा महत्वपूर्ण योगदान दिन सक्छ । त्यसैलाई मध्यनजर गरेर सहकारी अभियानको शिषर्स्थ निकाय राष्ट्रिय सहकारी महासंघले सहकारी तथा गरिवी निवारण मन्त्रालसँग सहकार्य गरेर आगामी चैत २१ र २२ गते दोस्रो सहकारी महासम्मेलन गर्न लागेको छ । सो महासम्मेलन महत्वपूर्ण घडिमा हुन लागेकाले पनि देशभरिका सहकारीकर्मीहरुको चासो हुनु स्वभाविक नै हो । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले सहकारीलाई आफ्नो क्षेत्र अधिकारमा राखेको अवस्थामा अब सहकारीको पुँजीलाई कसरी परिचालन

सहकारी ऐन २०४८ जारी भएसँगै नेपालको सहकारी क्षेत्रको विकासक्रमले तिव्रता पाएको थियो । जसले फराकिलो भएर फैलिने अवसर प्राप्त गरेको थियो । यसै सर्न्दभमा यतिबेला सहकारी ऐन २०७४ ले सहकारीलाई अझ फराकिलो अवसर सिर्जना गरिदिएकाले पनि यो अवसरलाई सदुपयोग गर्दै सहकारी मोडेलमार्फत देशको समृद्धिमा कसरी योगदान दिन सकिन्छ भनेर आगामी दिनका लागि गुरु योजना तय हुने छ । सहकारीमार्फत व्यवसायको विविधिकरण गर्न सकिने अवसरहरुको खोजी हुने छ । त्यसैगरी संविधानको भावनाअनुसार तीन खम्बे अर्थनितिलाई कार्यान्वयनको चरणमा प्रवेश गराउन तथा अर्थतन्त्रको एक खम्बाका रुपमा रहेको सहकारी क्षेत्रको दह्रो उपस्थितिका लागि पनि महासम्मेलन एउटा औजार हुने छ । स्थानीय तहले सहकारीमार्फत समृद्धिको ढोका कसरी खोल्न सक्छन् ? प्रदेश र संघले सहकारीमार्फत दीगो विकास लक्ष्य प्राप्तिमा कसरी कार्य गर्न सक्छन् ? भन्ने विषयमा व्यापक मन्थन हुने छ । त्यसैगरी देश र विदेशमा भएका



रामसूदन तिमल्सिना

ऐतिहासिक कार्यक्रम हो । सहकारी क्षेत्रमा रहेका साझा समस्याको पहिचान तथा भावी कार्य दिशा निर्दिष्ट गर्ने, यो कार्यक्रमपछि नेपालको सहकारी अभियानले एउटा छुट्टै दिशा निर्देश गर्ने अठोट लिएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघको लक्ष्य अनुरुप सहकारी दशक भित्र सहकारी व्यवसायको सुदृढीकरणका लागि थप पहलकदमी लिने र सहकारी संघ संस्थाहरुबीच ऐक्यवद्धता एवं साझा प्रतिवद्धताहरु आउने छन्, जुन नेपालको सहकारी अभियानलाई व्यवसायीकरण गर्ने छ । त्यसैगरि सहकारीमा महिला र युवाको सहभागितामात्र बृद्धि हुने छैन नेतृत्व तहमा समेत उनीहरुको सहभागिता बृद्धि हुने छ । प्रविधि मैत्री सहकारी हुने छन् । प्रविधिसँग रमाउने युवाको विशेष उपस्थिति हुने




गर्ने, सहकारीमार्फत व्यवसायीक मोडल कसरी सिर्जना गर्ने र प्रविधिको प्रयोगमा सहकारीमा जोड दिने विषय यतिबेला सहकारी क्षेत्रमा जोडतोडले उठेको छ ।

त्यसैले महासम्मेलनले नेपालमा भएका उपलब्धीहरुको समिक्षा गरी थप प्रभावकारी बनाउने लगायतका उद्देश्य राखेको छ ।

सहकारीका अन्य केन्द्रीय संघ र राष्ट्रिय सहकारी बैंकको सहआयोजनामा हुने दोस्रो सहकारी महासम्मेलनले नयाँ चरणमा प्रवेश गरेको नेपालको सहकारी अभियानको अबको मार्ग निर्देशन गर्ने भएकाले पनि यसलाई आम सहकारीकर्मीले महत्वका रुपमा हेरेका छन् ।

असल अभ्यासबाट सिकाई आदान प्रदान हुने अवसर पनि महासम्मेलनले दिने भएको छ ।

निजी, सार्वजनिक र सहकारीबिचको सहकार्यमार्फत समृद्धिमा योगदान दिन सक्ने कुरालाई महासम्मेलनले जोड दिने छ ।

महासम्मेलनले नेपालको सहकारी अभियानमा हालसम्मको उपलब्धीको सिंहावलोकन गरी थप उपलब्धीमुलक बनाउने, सन २०३० सम्मको दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्रको सहभागीता र योगदानमा वृद्धि गर्ने, सरकार तथा सहकारी अभियान एवं सरोकारवाला निकायहरुबीच सुदृढ सम्बन्ध र समन्वय विकास गर्ने लक्ष्य लिएकाले पनि यो महासम्मेलन सहकारीको विश्वास लिइएको छ ।

प्रथम राष्ट्रिय सहकारी महासम्मेलनले लिएको लक्ष्य र उपलब्धीको यहाँ चर्चा गर्न प्रयास गरिएको छ । जसले दोस्रो सहकारी महासम्मेलनले कोर्ने नयाँ दिशा निर्देशकका लागि थप सहयोग हुने छ ।

सहकारीमार्फत दीगो आर्थिक विकास तथा सामाजिक न्याय भन्ने थिमका साथ प्रथम राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न भएको थियो । सो महासम्मेलनले प्रक्षेपण गरेको धेरै सुचाङक पुरा भएका छन् । सो महासम्मेलनकै मार्ग निर्देशन अनुसार नेपालको संविधानमा सहकारीलाइ महत्वपूर्ण आर्थिक खम्बाका रुपमा समावेश गर्न सकिएको हो । अब यस पटकको महासम्मेलनले सहकारीलाई

व्यवसायीकीकरण गर्नका लागि भूमिका खेल्ने विश्वास छ ।

प्रथम महासम्मेलनले सन् २०२० सम्म सदस्य सख्या ८० लाख पु¥याउने लक्ष्य तय गरिएको थियो । जसअन्तर्गत हालसम्म ६३ लाख पुगेको सहकारी विभागले जारी गरेको पछिल्लो तथ्याङकले देखाएको छ । सन् २०२० सम्म प्रथम राष्ट्रिय सहकारी महासम्मेलनले प्रक्षेपण गरेको लक्ष्यभन्दा बढि सदस्य सख्या पुग्नेछ । यसमा दोस्रो महासम्मेलनले सदस्यता बृद्धिसँगै व्यवसायीक सदस्य बनाउने, दिगो विकास लक्ष्य प्राप्तिमा सदस्यका क्रियाकलापलाई जोड्ने कुरामा बल गर्ने छ ।

त्यसैगरि महिला तथा युवाहरुको पहुँच विस्तारअन्तर्गत महिला सदस्य सख्या बृद्धि गरि ५० प्रतिशत पु¥याउने लक्ष्य लिएकोमा अहिले ५१ प्रतिशत महिला सहभागिता भइसकेको छ । त्यसैगरि नेतृत्व तहमा महिलाको ४० प्रतिशत सहभागिता पु¥याउने लक्ष्य रहेकोमा हालसम्म ३८ प्रतिशत पुगेको अनुमान छ । त्यो लक्ष्य हामीले छिटै हासिल गर्न सक्छौं । अब यसलाई गुणात्मक विकासमा जोड दिने बेला आएको छ ।

युवा सहभागिता सन् २०२० सम्म ६० प्रतिशत पु¥याउने लक्ष्य राखिएको भएपनि हालसम्म सहकारीमा युवाको सहभागिता कति रहेको छ भनेर छुट्टै तथ्यांक संकलन हुन नसकेको अवस्थामा अब मन्त्रालयले शुरु गरेको कोपोमिससमार्फत युवाको तथ्यांक हासिल हुने भएकाले युवाको पहुँच विस्तार र युवा मैत्री सहकारी अभियान बनाउनका लागि महासम्मेलनले दिशा निदृष्ट गर्नुपर्ने देखिन्छ ।

सबै गाँउमा सहकारीको सञ्जाल विस्तार गर्ने लक्ष्य रहेकोमा संविधानले यस विषयमा सम्बोधन गरेको छ । सम्पूर्ण स्थनीय तहलाई सहकारीको क्षेत्र अधिकार प्रदान गरेको अवस्थामा त्यो स्थानीय क्षेत्रको विकास र समृद्धिका लागि सहकारी मोडेललाई आफूले चाहे अनुसार संचालन गर्न सकिने अवस्था सिर्जना भएको सन्दर्भमा अब स्थानीय सरकारलाई यस विषयमा पृष्ठपोषण महासम्मेलनले प्रदान गर्ने छ ।

पहिलो सम्मेलनले सन् २०२० सम्म माध्यामिक, उच्च माध्यामिक र विश्व विद्यालयको पाठ्यक्रममा छुट्टै सहकारी विषयको पठनपाठनको व्यवस्था गर्ने लक्ष्य रहेकोमा केहि उच्च माविमा ऐच्छिक रुपमा सहकारीको विषयको अध्ययन अध्ययापन हुन थालेको भए पनि यसलाई व्यापकता पाउन सकेको छैन । अब स्थानीय तहमा शिक्षा पुगेकाले स्थानीय तहमा नमुनाका रुपमा शिक्षा समावेश गर्नका लागि पहल हुने गरि महासम्मेलन नीति तय गर्नुपर्ने हुन्छ ।

सहकारी उद्यमशिलताका लागि व्यापक गृहकार्य गर्ने गरी महासम्मेलनमा सहकारीकर्मीले प्रतिबद्धता जाहेर गर्ने छन् । प्रविधिको प्रयोगमा जोड दिने गरि महासम्मेलनले छिमेकी मुलुकमा किसान देखि उपभोक्तासम्मलाई अवलम्बन गरिएका नविन प्रविधिहरुको विषयमा जानकारी दिने छ भने त्यसलाई नेपालमा लागु गराउनका लागि पहल गर्ने छ ।

पहिलो महासम्मेलनले सन् २०२० सम्म सहकारी संघ/संस्थाहरु एकीकरण गरि ५ हजारको सख्यामा झार्ने लक्ष्य राखिएको छ । हाल देशभरि करिब ३४ हजार सहकारी संघ/संस्था रहेका छन् । सहकारी ऐन २०७४ ले पनि एकीकरणलाई प्रोत्साहन गरेको र अन्य केन्द्रीयस्तरका संघ तथा बैंकले समेत एकीकरणमा जोड दिइरहेकाले यो लक्ष्य प्राप्तिका लागि नयाँ दिशा तय हुने छ ।

जिल्ला तथा केन्द्रीय संघहरुको संस्थागत सुदृढीकरण आजको आवश्यकता हो । विचौलियाको अन्त्यका लागि पनि यीनिहरुको व्यवसायीकरण आवश्यकता छ । यसमा महासम्मेलनले थप सम्बोधन गर्ने छ त्यसैगरि लघु उद्योग, मझौला सहकारी उद्योगको स्थापनाका लागि महासम्मेलनले नयाँ कार्यदिशा तय गर्ने छ ।

कृषि सामाग्री आपूर्तिमा पहुँच विस्तारका लागि सहकारी जस्तो उपयुक्त औजार अर्को हुँदैन । विशिष्ट स्तरका सहकारी सुपथ मूल्य पसलको स्थापनाका लागि पनि महासम्मेलनले नयाँ रेखा कोर्ने छ ।

स्थास्थ्य, शिक्षा, यातायात, लघु तथा मझौला जलविद्युत, पर्यटन, विमा लगायतका सेवा व्यवसायमा पहुँच विस्तार गर्ने लक्ष्य रहेकाले महासम्मेलनले नीति निर्मातालाई पनि यस विषयमा पृष्ठ पोषण गर्ने छ ।

फोहोर मैला व्यवस्थापन, नवीकरणीय ऊर्जा उत्पादन लगायत पर्यावरणीय संरक्षणमा सहकारीले कार्य गर्ने लक्ष्य राखिएको छ । केही सहकारीले कार्य गरेको भए पनि लक्ष्य प्राप्तिका लागि विशेष योजनाका साथ अगाडी बढ्नुपर्ने छ । त्यसका लागि महत्वपूर्ण सम्बोधन गर्ने छ ।

सहकारी आवास सम्बन्धी कार्यविधि तर्जुमा भएको र त्यसअन्तर्गत कार्य गर्नका सरकारलाई समेत पुष्ठपोषण हुने गरि महासम्मेलनले सुझाव दिने छ । जसले गर्दा सहकारी आवासको अवधारणाले व्यापकता पाउने छ ।

प्रभावकारी अनुमगन तथा नियमन प्रणालीको विकासका लागि छुट्टै संयन्त्रणको विकासका लागि समेत खाका कोर्ने पुष्ठपोषण गर्नेगरी महासम्मेलन सुझाव दिने छ ।

त्यसैगरि स्वनियमनको पालना भई सहकारी सुशासन कायम हुने भएकाले पनि यस महासम्मेलनले सहकारीको विषयमा सरकार र नीजि क्षेत्रलाई समेत पुष्ठपोषण गर्ने विश्वास लिइएको छ । संविधानमा सहकारीको उचित स्थान र सहकारी ऐन नियमावली परिमार्जन गर्ने लक्ष्य रहेकोमा संविधानद्वारा मान्यता प्रदान र नयाँ ऐन जारी भएको अवस्था छ । अब केही विषयगत ऐनहरुमा लक्ष्य पुरा गर्न बाँकी रहेको अवस्थामा महासम्मेलनले थप ऊर्जा प्रदान गर्ने छ ।

सहकारी मैत्री कर प्रणालीको विकास गर्ने लक्ष्य अनुसार सहकारी ऐनमा करको विषयमा संबोधन भएको र त्यसलाई आर्थिक नीतिमा ल्याउनका लागि पैरवी गर्नका लागि पनि महासम्मेलन दह्रो औजारका रुपमा अगाडि उभिएको छ ।

यी विविध कारणले गर्दा दोस्रो सहकारी महासम्मेलन ऐतिहासिक हुने भएको छ । यसमा सबैको होस्टेमा हैसेको आवश्यकता रहन्छ । सबैले जोड दिएको खण्डमा यसले लिएको लक्ष्य प्राप्ति हुने छ । जसले सबै सहकारीकर्मी, देश र नागरिकलाई समृद्धितर्फ अगाडि बढ्न ढोका खोल्ने छ । साना पुँजी भएकाहरुले पनि ठूलो योजनाको सपना बुन्न सक्नेछन् । देश समृद्धि बनाउनका लागि सहकार्यको आवश्यकता छ । त्यसका लागि दोस्रो सहकारी महासम्मेलनले थप ऊर्जा दिने छ ।

# राष्टिय सहकारी बैंक लि. १४औं वार्षिक साधारण सभा

## २०७४ पौष ६ गते सहकारी वैंकमा आवद्ध संघ संस्था मध्ये वाट सम्मानित पुरस्कृत हुने संस्था तथा व्यक्तिहरुको नामावली

## सहकारी वैंक उत्कृष्ट सदस्य संघ संस्था सम्मान

| क्र.सं | सम्मान | संस्थाको नाम | जिल्ला |
|---|---|---|---|
| **उत्कृष्ट संघ संस्था** | | | |
| १. | उत्कृष्ट संघ मध्येबाट | रुपन्देही बचत तथा ऋण सहकारी संघ लि. | रुपन्देहि |
| २. | उत्कृष्ट महिला सहकारी संस्था | भृकुटी महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | राप्ती गाउपालिका ३ दाङ्ग |
| ३. | उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था | कोलिय सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | देवदह रुपन्देही |
| ४. | बचत तथा ऋण बाहेकको व्यवसाय गर्ने उत्कृष्ट सहकारी संस्था | नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि. | मकवानपूर हेटौंडा |

| सम्मान | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| **सहकारी वैंक उत्कृष्ट प्रादेशिक सदस्य संस्था सम्मान** | | |
| **प्रदेश नं १** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | दमक झापा |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | जुरोपानी बहुउद्देश्यीय सहकारी संस्था लि . | गौरादह झापा |
| **प्रदेश नं. २** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | नव विकास बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रपुर रौतहट |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | समाज सेवी कृषि सहकारी संस्था लि. | ईश्वरपुर४, सर्लाही |
| **प्रदेश नं. ३** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | काभ्रे बनेपा |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | सपनातिर्थ बहुउद्देशीय सहकारी संस्था लि. | टोखा कामाडौं |
| **प्रदेश नं. ४** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | एकता सहकारी संस्था लि. | बा.न.पा.२, बागलुङ |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | आर्दश संचार सहकारी संस्था लि. | बा.न.पा.२, बागलुङ |
| **प्रदेश नं. ५** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | देवदह बचत तथा ऋण सहकारी संस्था लि.। | देवदह रुपन्देही |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | साना किसान कृषि सहकारी संस्था लि. | राप्ती सोनारी -८ बांके |
| **प्रदेश नं. ६** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | हिमाली बचत तथा ऋण सहकारी संस्था लि. | सुर्खेत |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | गोठपाडा कृषक सहकारी संस्था लि. | दैलेख |
| **प्रदेश नं. ७** | | |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण | नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. | धनगढी |
| उत्कृष्ट सहकारी - बचत तथा ऋण बाहेक | लक्ष्मी सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लि. | डोटी |

### सहकारी बैंक राष्ट्रिय सम्मान

सहकारी बैंक संस्थापक सम्मान : विष्णुदत्त शर्मा (संस्थापक संचालक), कात्यायानी चोक बानेश्वर
सहकारी बैंक पूर्व संचालक सम्मान : नमराज सापकोटा, म्हेपी काठमाडौं
सहकारी बैंक विद्वता सम्मान : डा. गोविन्द राज जोशी (नवजीवन सहकारी संस्था लि., धनगढी कैलाली) (Cooperative Movement in Nepal: With a Special reference to cooperative Societies Holding a Limited Banking Transaction License).
सहकारी बैंक पत्रकारीता पुरस्कार : काजी श्रेष्ठ (सहकारी खबर डट कम तथा अन्नपूर्ण पोष्ट)
सहकारी बैंक उत्कृष्ट कर्मचारी पुरष्कार :
क) सहयोगी स्तर : सहयोगी ,यज्ञ प्रसाद अर्याल (लगनखेल शाखा)
ख) सहायक स्तर : वरिष्ठ सहायक, राम शरण सापकोटा, चापागाउ शाखा
ग) अधिकृत स्तर : सहायक अधिकृत, केदार नाथ उप्रेती, पोखरा शाखा

### राष्ट्रिय सहकारी बैंक उत्कृष्ट शाखा पुरस्कार

भक्तपुर जिल्ला स्थित राष्ट्रिय सहकारी बैंक लि , ठिमी शाखा

# बैंकको शाखा स्तरमा उत्कृष्ट कारोबार र नियमित कारोबार गर्ने २ वटा संस्थाहरु

| | |
|---|---|
| **१. मूख्य शाखा ,कुपन्डोल** | |
| ➢ लालीगुराँस सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ नेपाल बहुउद्देशीय केन्द्रिय सहकारी संघ लि. | ➢ नियमित कारोबार |
| **२. विराटनगर** | |
| ➢ ईश्वर बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ गोपाल बहुउद्देश्यीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३. बाग्लुङ** | |
| ➢ CYC बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ अभियान बहुउद्देश्यीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **४. लगनखेल** | |
| ➢ सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ शुभलाभ बहुउद्देश्यीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **५. गोगंबु** | |
| ➢ जेष्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ फर्च्युन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ➢ नियमित कारोबार |
| **६. बुटवल** | |
| ➢ गरिमा बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ कल्याणकारी बहुउद्देश्यीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |

| | |
|---|---|
| **७. वीरेन्द्रनगर सुर्खेत** | |
| ➢ जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ उपकार बहुउद्देश्यीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **८. चरिकोट दोलखा** | |
| ➢ जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ जनहित सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **९. चापागाँउ** | |
| ➢ तिलेश्वर बहुउद्देशीय सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ ग्रामिण कृषि विकास सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१०. दमौली तनहु** | |
| ➢ कामना बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **११. उर्लाबारी मोरङ** | |
| ➢ आरती बहुउद्देशीय सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ नवश्री बचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१२. विर्तामोड झापा** | |
| ➢ साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ शिखर वचत तथा ऋण सहकारि संस्था लि. | ➢ नियमित कारोबार |

| | |
|---|---|
| **१३. दमक झापा** | |
| ➢ मेची सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ नवदुर्गा बहुउद्देशीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१४. नुवाकोट** | |
| ➢ बट्टार सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ जनमुखी बहुउद्देशीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१५. बनेपा काभ्रे** | |
| ➢ विन्ध्यवासिनी बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ मोडेल बचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१६. कलंकी** | |
| ➢ चन्द्रागिरी वचत तथा ऋण सहकारी संस्था | ➢ उत्कृष्ट कारोबार |
| ➢ सामुहिक परिवर्तनशील महिला सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१७. न्यूरोड** | |
| ➢ क्यापिटल वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ श्री लाभ वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१८. चावहिल** | |
| ➢ नेचुरल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ गुडविल वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **१९. हेटौडा** | |
| ➢ हेटौडा वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ दिव्यतारा बहुउद्देशीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२०. नयाँ वानेश्वर** | |
| ➢ हिलटप जुनार बहुउद्देशीय सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ डिलाईट वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२१. पोखरा कास्की** | |
| ➢ फेवा बहुउद्देशीय सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ सराङ्कोट बहुउद्देशीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२२. इटहरी** | |
| ➢ परिजात महिला वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| **२३. सिमरा** | |
| ➢ सिमरा महिला बचत तथा ऋण सहकारी संस्था लि | ➢ उत्कृष्ट कारोबार |
| ➢ तामागढी वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२४. धरान** | |
| ➢ सयपत्री नारी विकास बचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२५. दैलेख** | |
| ➢ जागृति कृषि सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ राष्ट्रसेवक बहुउद्देशीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२६. ठिमी** | |
| ➢ शुभकामना सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ पारिजात सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ➢ नियमित कारोबार |
| **२७. कोहलपुर, बाँके** | |
| ➢ साकार कृषि सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ श्री सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **२८. सिन्धुली** | |
| ➢ सिन्धु वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| **२९. घोराही, दाङ** | |
| ➢ हातेमालो वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ साझेदारी वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३०. वालिङ, स्याङ्जा** | |
| ➢ उपकार वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ दर्शन वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |

| | |
|---|---|
| **३१. ईलाम** | |
| ➢ शताब्दी वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ नारी विकास बहुउद्देशीय सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३२. जनकपुर** | |
| ➢ जनशक्ती वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ आस्था वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३३. राजविराज** | |
| ➢ आईडियल सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ जनज्योती कृषि सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३४. बिरगंज** | |
| ➢ गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ जयलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३५. धनगढी** | |
| ➢ किसान बहुउद्देशीय सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ नागरिक वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |
| **३६. चन्द्रनिगाहापुर** | |
| ➢ संकल्प वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| **३७. लाहान** | |
| ➢ नवीन वचत तथा ऋण सहकारी संस्था लि. | ➢ उत्कृष्ट कारोबार |
| ➢ स्वस्तिक वचत तथा ऋण सहकारी संस्था लि. | ➢ नियमित कारोबार |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड सम्बन्धमा सबै सहकारी संघ/संस्थाहरुले थाहा पाई राख्नुपर्ने केही महत्वपूर्ण जानकारीहरु

**बैंकको महत्व** :

- वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुले विशेषगरी ठूला उद्योग तथा औद्योगिक क्षेत्रमा मात्र  लागानीलाई प्राथमिकता दिने हुनाले ग्रामीण एवं साना उद्योगहरुको लगानीमा सहकारी संघ/संस्थाहरु मात्र उपयुक्त हुने भएको हुँदा यस बैंकको महत्व दिन प्रति दिन बढदै गएको छ ।
- ठूला बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रबाट आफ्नो सेवा शहरी क्षेत्रमा बढी केन्द्रीकृत गरेको हुनाले ग्रामीण तहमा सहकारी संघ/संस्थालाई प्रवर्द्धन गर्न यस बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।
- बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई व्याज प्राप्त हुने गरी बचत खाता खोल्ने सुविधा नदिने नीतिका कारण सहकारी संघ/संस्थाहरुलाई सो सुविधा पुऱ्याउन बैंकको आवश्यकता अपरिहार्य छ ।
- सदस्य सहकारी संघ/संस्थाहरुलाई शिक्षा र तालीमको माध्यमबाट व्यवसायिक तथा प्राविधिक सहयोग प्रदान गर्न ।
- आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुको नियमन, अनुगमन तथा सुपरिवेक्षणको कार्य गरी सहकारी क्षेत्रलाई व्यवस्थित गर्न ।
- सहकारी बैंकिङ्ग प्रणालीलाई संघिय संरचनामा विकास गरी यस क्षेत्रलाई दिगो र प्रभावकारी बनाउन ।
- सदस्य सहकारी संघ/संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराई तिनीहरुको बित्तिय आवश्यकता लाई पुरा गराउन ।
- बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई कर्जा लगानी नगर्ने भएका कारणले सो सेवा प्रदान गर्न
- सहकारी क्षेत्रको विकासका लागि सरकारको नीति निर्देशन र ऐनको अधीनमा रही राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग गर्न र यसको प्रत्यक्ष प्रतिफल सहकारी संघ/संस्थाहरुमा आवद्ध लाखौं सदस्यहरु सामु पुऱ्याउनका लागि एक भरपर्दो एवं प्रभावकारी सहकारी सञ्जालको रुपमा कार्य गर्न  ।

**बैंकले गर्ने कार्यहरु**

- सहकारी संघ/संस्थालाई कृषि, उद्योग, सेवा, व्यापार, अन्य व्यवसायिक कार्यको लागि चालु पूँजी उपलब्ध गराउने ।
- सामुहिक प्रयासको माध्यमबाट कृषि विकास, घरेलु इलमको विकास एवं व्यवसाय संचालनार्थ र उद्योगधन्दाहरुको प्रवर्द्धन एवं सामुदायिक सेवाहरुको विस्तार र विकासमा सघाउ

पुऱ्याउन सहकारी संघ/संस्थालाई थोक कर्जा प्रवाह गर्ने ।

- सहकारी संघ/संस्थाहरुबाट बचत तथा मुद्दती निक्षेप संकलन तथा आवश्यकता बमोजिमको कर्जा उपलब्ध गराउने तथा संघ संस्थाको निरिक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- सहकारी शिक्षा तथा तालिम कार्यक्रमहरुको समन्वय तथा संचालन गर्ने ।

### बैंकले सदस्यता दिन सक्ने निकाय

- प्रारम्भिक सहकारी संस्थाहरु,
- विषयगत जिल्ला सहकारी संघहरु,
- जिल्ला सहकारी संघहरु,
- केन्द्रीय सहकारी संघहरु,
- राष्ट्रिय सहकारी विकास बोर्ड,
- राष्ट्रिय सहकारी महासंघ,
- नेपाल सरकार

### शेयर खरिद तथा खाता संचालनका लागि पेश गर्नुपर्ने कागजातहरु

- सहकारी संघ/संस्थाहरुले कम्तिमा प्रति कित्ता रु. १०००/- का दरले न्यूनतम १० कित्ता शेयर र प्रवेश शुल्क वापत रु. ५००/- (फिर्ता नहुने गरि) बुझाई बैंकको शेयर खरिद गर्न सक्ने ।
- यस बैंकको शेयर बिक्री सधैं खुल्ला रहने छ ।
- संघ/संस्था दर्ता र पान प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- संघ/संस्थाको स्वीकृत विनियमको प्रतिलिपी ।
- अन्तिम वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- बैंकको शेयर खरिद गर्न, खाता खोल्ने तथा सञ्चालन गर्ने सम्बन्धी अख्तियारी सहितको संचालक समितिको निर्णयको प्रतिलिपी ।
- खाता खोल्ने फारम, नमूना दस्तखत कार्ड र संस्थाको खाता खोल्ने अनुरोध पत्र ।
- खाता सञ्चालकको फोटो र नागरिकताको प्रतिलिपि ।

## सेवा तथा सुविधाहरु:

### क. निक्षेप तर्फ बचत हिसाब

यस राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य रहेका सबै प्रकारका सहकारी संघ संस्थाहरुबाट मात्र निक्षेप स्वीकार गर्ने कार्य गर्दछ । यस बैंकले लागु गरेको निक्षेप योजना निम्न अनुसार रहेको छ ।

- सुपर बचत
- विशेष बचत
- साधारण बचत
- अनिवार्य नियमित बचत
- क्रमिक बचत
- आवधिक बचत (मुद्दती)

### ख. कर्जा तर्फ

यस राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सदस्य संघ संस्थालाई विभिन्न शिर्षकहरुमा कर्जा प्रदान गर्दै आएको छ । यस आवधिक (मासिक किस्तावन्दी) कर्जा, चालुपूँजी कर्जा, लघु कर्जा, तरलता व्यवस्थापन कर्जा, हायर पर्चेज कर्जा । घर घडेरी तथा निर्माण कर्जा, मुद्दती रसिद धितो कर्जा, कृषि परियोजना कर्जा आदि विभिन्न शिर्षकहरुमा सुलभ व्याजदरमा कर्जा प्रदान गर्दै आएको छ । यसको व्याजदरमा निम्न विशेषताहरु रहेको छ ।

(१) मुद्दति रसिद धितो कर्जामा १.५ प्रतिशत थप हुनेछ ।

(२) हायरपर्चेज कर्जाको मार्जिन ३५ प्रतिशत सम्म हुनेछ ।

(३) प्रकृयागत शुल्क ६ महिना सम्मको कर्जामा ०.५० प्रतिशत र सो भन्दा माथि १ प्रतिशत हुनेछ ।

(४) घर घडेरी खरीद तथा निर्माण कर्जाको स्व: लगानी कम्तीमा ३० प्रतिशत हुनुपर्नेछ ।

(५) सबै प्रकारको कर्जामा म्याद नाघेको अवस्थामा ५ प्रतिशत हर्जना लाग्नेछ ।

(६) अपाङ्ग, दलित र महिलाद्वारा मात्र संचालित संस्थालाई पूँजी वृद्धि स्कीम बमोजिम सबै सुविधा उपलब्ध हुनेछ ।

(७) बैंकको नीति वमोजिम वर्गीकरणको आधारमा लघुकर्जाको व्याजदर तोकिनेछ ।

### ग. बैंक ग्यारेन्टी (बैंक जमानत)

बैंकले गर्ने नन्फण्ड (Non Fund Based) कारोवार मध्ये बैंक जमानत एउटा प्रमुख कार्य हो । साधारणतया यो सुविधा ठेक्कापट्टा सम्बन्धी कार्य, निर्माण समाग्री सप्लाई व्यक्ति तथा व्यवसायको भन्सार प्रयोजन उधारोमा सामान खरिद गर्न, पेश्की लिन, इजाजत र एजेन्सी वा डिलर लिन एवं अन्य कार्य गर्न जहाँ नगद धरौटी राख्नुपर्ने हुन्छ । त्यसरी राख्नु पर्ने नगद धरौटीको सट्टामा बैंक ग्यारेण्टी जारी गरिदिन बैंकका सदस्य सहकारी संघ संस्था र तिनका सदस्यहरु नियमानुसार निवेदकको पक्षमा बैंक ग्यारेण्टी जारी गरिदिने व्यवस्था रहेको छ ।

## घ. रेमिट्यान्स (विप्रेषण सेवा)

यस बैंकले विभिन्न रेमिट्यान्स कम्पनीहरु सँगको सहकार्यमा रेमिट्यान्स (विप्रेषण) सेवा उपलब्ध गराउँदै आएको छ। बैंकले हाल NCBL Remit, Prabhu Remit, Himal Remit, GME Remit, Western Union Money Transfer & IME सँग सहकार्य गरि Domestic / International Remit को सेवा सञ्चालन गर्दै आएको छ । भने बैंकका सदस्य सहकारीहरुले Prabhu, GME र IME रेमिट संचालन गर्न चाहेमा उक्त रेमिट संचालनका लागि बैंक मार्फत निबेदन दिन सकिने व्यवस्था समेत मिलाएको छ।

## ङ. Utility Payment

यस बैंकल NTC/Ncell Recharge गर्ने, Dish Home Payment, Land Line Phone Payment, ADSL Payment Service को कार्य गर्दै आएको छ।

## च. सदस्य सेवा

बैकले आफ्ना सदस्यहरुलाई सन्ध्याकालिन काउण्टर सेवा, अन्तर शाखा कारोवारको सेवा र अन्य सहकारीक्षेत्र संग सम्बन्धितआवश्यक जानकारी दिने व्यवस्था गरेको छ।

## छ. तालिम

यस राष्ट्रिय सहकारी बैंक लिमिटेडले आ.व. २०७०/७१ देखि विषयगत विशेषज्ञहरुको सहभागितामा सहकारी शिक्षा तालिम, लेखा व्यवस्थापन तालिम, कार्यालय व्यवस्थापन तालिम, कर्जा व्यवस्थापन तालिम प्रत्येक शाखाहरुमा त्रैमासिक रुपमा गर्ने योजनाबनाई संचालन गरिरहेको छ।

## ज. आधुनिक बैंकिंग सेवाहरू

बैंकले आफ्नो १५ औ स्थापना दिवसको अवसरमा बैंकद्वारा थप ३ नयाँ आधुनिक बैंकिंग सेवाहरु मोवाइल एस.एम.एस.बैंकिंग, इन्टरनेट बैंकिंग र अन्तर बैंक बिद्युतिय भुक्तानी प्रणाली (NCHL-IPS) सेवा प्रदान गर्दै आइरहेको छ।

## बैंकको अन्तर्राष्ट्रिय सम्बन्ध

यस बैंकले सहकारी सम्बन्धी पेशागत क्षमता अभिवृद्धि गर्न र अन्तराष्ट्रिय रुपमा बैंकको क्षेत्र विस्तारको लागि अन्तर्राष्ट्रिय निकायहरु अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA), एशियाली ऋण महासंघ (ACCU), Regional Network for the Dvelopment of Agricultural Cooperatives in Asia and the Pacific (NEDAC), Asia-Pacific Ruraland Agricultural Credit Association(APRACA) र Centre for International Cooperation in Agricultural Banking (CICTAB) को सदस्यता प्राप्त गरि ती संघ/संस्थाहरु संग समन्वय गरि यस बैंकलाई परिचित गर्न सफल भएको छ । राष्ट्रिय रुपमा बैंकको क्षेत्र विस्तारको लागि राष्ट्रिय निकाय राष्ट्रिय सहकारी महासंघ (NCF/N) को सदस्यता प्राप्त गरिसकेको छ।

## व्यवस्थापन :

- सहकारी संघ/संस्थाका प्रतिनिधिहरु मध्ये बाट निर्वाचित ९ जना र राष्ट्रिय सहकारी संघ तथा सहकारी विभागका रजिष्ट्रारले तोकेको प्रतिनिधि पदेन १/१ गरि जम्मा ११ जनाको संचालक समिति निर्माण हुने व्यवस्था छ।
- केन्द्र तथा शाखा कार्यालयहरुमा अत्याधुनिक कम्प्यूटर सफ्टवेयर तथा दक्ष कर्मचारीहरुको व्यवस्था गरि छिटो, छरितो र चुस्त गतीमा सेवा प्रदान गर्ने गरिएको छ।

## बैंकको बर्तमान अवस्था :

- आबद्ध सदस्य सहकारी संघ/संस्था: करीब १०,०००
- सदस्य सहभागि जिल्लाको संख्या: ७७
- शाखा कार्यालयहरु: ४४

# भुटानी सहकारीकर्मीहरु नेपालमा

*नगरकोट,*

नेपाली सहकारी अभियान सम्बन्धमा जानकारी लिन तथा सहकारी व्यवस्थापन सम्बन्धमा अवलोकन भ्रमणका लागि फेब्रुअरी १८ आएको भुटानका सहकारी संस्थाहरुका प्रतिनिधिहरुको टोलिलाई एक समारोहको आयोजना गरि बिदाई गरिएको छ।

एशियाली ऋण महासंघको संयोजनमा राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेफ्स्कूनको संयुक्त आयोजनामा उक्त टोलि नेपाल आएको हो, उक्त समारोहमा एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत Ms. Elenita V. San Roque (Leni), पूर्व प्रमुख कार्यकारी अधिकृत Ranjith Hettiarachchi सहित बैंकका अध्यक्ष रमेश प्रसाद पोखेल, बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, बैंकका संचालक तथा शिक्षा तथा तालिम उपसमिति संयोजक सरिता भट्टराई, लेखा समिति सदस्यद्वय लक्ष्मी प्रसाद उप्रेती तथा सागर नेपाल, नेफ्स्कुनका अध्यक्ष डी.बि. बस्नेत सहितका पदाधिकारीहरुको उपस्थिति रहेको थियो। उक्त समारोहका विच मतब्य राख्दै बैंकका बैंकका अध्यक्ष रमेश प्रसाद पोखेलले भुटानी सहकारीकर्मीहरुलाइ सहकारी बैंक परिवारको तर्फवाट आभार ब्यक्त गर्दै नेपालको सहकारी अभियानबाट सिकेको ज्ञानलाई आफ्नो देशको सहकारी अभियानलाई अगाडी बढाउन प्रयोग गर्न शुभकामना दिनु भयो। त्यस्तै नेफ्स्कुनका अध्यक्ष डी.बि. बस्नेतले उक्त टोलीले आफ्नो सहकारीमा सदस्य बिस्तारमा गरेको प्रतिबद्दताको प्रशंसा गर्दै त्यसलाई व्यबहारमा उतार्न गर्नु पर्ने कुराहरु को चर्चा गर्नु भयो।

हरेक बर्ष एशियाली ऋण महासंघको संयोजनमा नेपालमा राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेफ्स्कुन द्वारा अन्तर ाष्ट्रियसहकारी प्रतिनिधिहरुलाई नेपालको सहकारी अभियानको अध्ययन, अवलोकन, भ्रमण तथा प्रशिक्षण सहितको कार्यक्रम सम्पन्न गरिदै आइएको छ।

## साधारणसभा सम्बन्धमा समिक्षा वैठक सम्पन्न

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको पौष ६ गते सम्पन्न १४ औं बार्षिक साधारणसभा सम्बन्धमा समिक्षा कार्यक्रम सम्पन्न भएको छ। बैंकको कर्पोरेट कार्यालयमा सम्पन्न भएको समिक्षा कार्यक्रममा बैंकका प्रबन्ध संचालक के.बी. उप्रेती, संचालक सरिता भट्टराई लगायत सबै विभागका विभागीय प्रमुख साथै बैंकका उपत्यका



सहितका शाखा कार्यालयका प्रमुखहरुको सहभागिता थियो । समिक्षा कार्यक्रममा बैंकका प्रबन्ध संचालक उप्रेतीले साधारणसभा सफलता पुर्वक सम्पन्न गर्न भूमिका खेल्ने कर्मचारीहरुलाई धन्यवाद दिनुभएको थियो । १४ औं बार्षिक साधारणसभावाट चालु आर्थिक वर्षको लागि प्रस्तावित योजना तथा बजेट कार्यक्रम पारित भएकोले योजना तथा बजेट कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गर्ने लगायतका विषयबस्तु बारे छलफल सम्पन्न भयो ।

## नुवाकोटमा अन्तरक्रिया कार्यक्रम

*नुवाकोट ,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको नुवाकोट स्थित विदुर शाखा कार्यालयको आयोजनामा २०७४ पौष १२ गते लिखु गाउँपालिकाको खानीगाउँ, ढिकुरे र पौष १३ गते ककनी गाउँपालिकाको रानीपौवा बजारमा सहकारी बैक र सहकारी संघ संस्थाका प्रतिनिधिहरु बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । दुवै कार्यक्रमको अध्यक्षता नुवाकोट शाखा समन्वय उपसमितिका संयोजक बैकुण्ठ मिश्रले गर्नु भएको थिया । अन्तरक्रिया कार्यक्रममा बैंकका संचालक एवं शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता भट्टराई र तालिम विभागका प्रमुख रामबाबु आचार्य, नमुना कृषक सहकारी संस्थाका अध्यक्ष श्रीराम पाण्डे लगायतले बैंकको प्रभावकारीताका बारेमा बोल्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा १ सय ३० भन्दा बढी सहकारी सस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो भने कार्यक्रममा बैंकको परिचय र बैंकले संस्थाहरुलाई प्रदान गरेका सेवाहरु बचत, कर्जा, आधुनिक बैंकिंगका सेवाहरु आइपिएस, एसएमएस बैकिङ र इन्टरनेट बैंकिंग, खाता संचालन प्रक्रिया, ब्याजदर लगायत तालिम तथा अन्तर्राष्ट्रिय गोष्टी र सहकारी संघ/संस्थाहरुले रेमिटेन्स संचालन गर्न चाहेमा बैंक वाट सहकारी संघ/सस्थाहरुले प्राप्त गर्ने रेमिटेन्स सेवा प्रदायक कम्पनीको जानकारी आदि वारे उपस्थित सहकारीकर्मीहरुलाई जानकारी दिइएको थियो । अन्तरक्रिया कार्यक्रमको संचालन बैंकको नुवाकोट शाखा कार्यालयका प्रमुख पुण्य देवी श्रेष्ठले गर्नु भएको थियो ।

## प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न

*नुवाकोट,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडले कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि संचालन गरेको ५ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम पुस १४ गते सम्पन्न भएको छ। बैंकका शाखा प्रमुख तथा कर्पोरेट कार्यालयका अधिकृत स्तरका २७ जना कर्मचारीहरु सहभागी रहेको यस कार्यक्रमको सहजीकरण उत्प्रेरणा तथा जीवन जीउने कला सम्बन्धी प्रशिक्षकहरु उषा मल्ल सिंह र विकल प्रसाद शेरचनले गर्नु भएको थियो । बैंकका अधिकृत स्तरका सम्पूर्ण कर्मचारीहरुलाई प्रशिक्षक बनाउने सोचका साथ शुरु भएको कार्यक्रममा सहभागीहरुलाई नेतृत्व विकास, संचार समन्वय निर्माण, अन्तर व्यक्ति सम्बन्ध, प्रभावशाली वाक कला, समुह निर्माण, सहजीकरण, उद्यमशीलता, समय व्यवस्थापन, आत्मविश्वास निर्माण, मजबुत सम्बन्ध विकास लगायतका विषयमा जानकारी गराइएको थियो ।

तालिम कार्यक्रमको समापन कार्यक्रममा बैंकका संचालक तथा शिक्षा तथा तालिम



उप-समितिका संयोजक सरिता भट्टराई, बैंकका तालिम विभाग प्रमुख रामबाबु आचार्य, बैंकका सहायक प्रबन्धकद्वय मोहन बहादुर कार्की र भरत चिमरिया, अधिकृत द्वय मधु रायमाझी र मिना कुमारी शर्मा साथै नुवाकोट शाखा समन्वय उप-समितिका संयोजक बैगुण्ठ मिश्र लगायतले तालिममा सिकेको ज्ञानलाई प्रभावकारी कार्यान्वयनमा जोड दिनु भएको थियो ।

## प्रबन्धक नवराज उपाध्याय सेवा निबृत

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडमा १२ बर्ष भन्दा बढी अनवरत प्रबन्धक पदमा रही २०७४ पौष ३० देखि सेवा निवृत हुनुभएका नवराज उपाध्यायलाइ एक समारोहका विच पुस ३० गते बैंक परिवारले विदाई गरेको छ ।

समारोहका विच प्रबन्धक नवराज उपाध्यायले विगतमा उहाले बैंकमा गरेका योगदानहरुको स्मरण गर्दै आफ्ना भावी दिनहरु पनि सहकारी क्षेत्रमै रहेर बिताउने बताउनु भयो, आफ्नो अनुभव तथा विज्ञता बैंकलाइ भावी दिनमा आवश्यक भएमा समेत आफु उपस्थित हुने बताउनु भयो। सोहि अवसरमा बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले सेवा निबृत प्रबन्धक नवराज उपाध्यायले बैंकलाई गर्नुभएको सेवा र योगदानको उच्च मुल्यांकन गर्दै बैंकका भावी पुस्तालाई पनि उहा प्रेरणाको स्रोत रही रहने बताउदै मायाको चिनो प्रदान गर्नुभयो उक्त अवसरमा बैंकका सबै विभागका विभागीय प्रमुखहरु सहित कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# १४ औं वार्षिक साधारणसभा...

सहकारी बैंकले देशका कुना कुनामा शाखा मार्फत जनतालाई सेवा दिने प्रयत्न गरेको भन्दै उहाँले राज्यले सहकारीमार्फत परिचालन गर्ने बजेट सहकारी बैंक मार्फत परिचालन गर्न सके अझै प्रभावकारीता बढ्ने धारणा राख्नुभयो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडालले देशमा विद्यमान गरिवीको न्यूनिकरण नहुनुमा कसको कमजारी छ ? भन्ने खोजेर राज्यले गरिवी निवारणका कार्यक्रम अगाडि ल्याउन आव्हान गर्नु भयो । सहकारीमा भएको स्रोत साधनलाई अब समृद्ध राष्ट्र निर्माणमा लगाउने वातावरण बनाउन उहाँको आग्रह थियो । सहकारी समृद्ध समाज निर्माणको महत्वपूर्ण आधारस्तम्भ बन्ने उहाँको भनाइ छ ।

कार्यक्रममा राष्ट्रिय विकास बोर्डका पूर्व उपाध्यक्ष तथा नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर डा.युवराज खतिवडाले सहकारी ऐनसंगै सहकारी बैकलाई स्पष्ट नीतिका साथ अगाडि बढ्ने वातावरण आवश्यक रहेको बताउनुभयो । उहाँले समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सहकारीको भूमिका बढाउनका लागि सहकारी क्षेत्रले वित्तीय व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सांसदहरु पशुपति चौलागाई र घनश्याम खतिवडा, अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोवल सदस्य ओमदेवी मल्ल, राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेल, राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष दिपक प्रकाश बाँस्कोटा, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव गोपिनाथ मैनाली, गरिवी निवारण कोषका कार्यकारी निर्देशक नहकुल केसी लगायतले सहकारीलाई राज्यले अर्थतन्त्रको ३ मध्ये एक खम्बाका रुपमा ग्रहण गरेजस्तै यसको विकासका लागि पनि ध्यान दिनु पर्नेमा जोड दिनु भएको थियो ।

साधारणसभाले बैंकको प्रगति प्रतिवेदन, नीति, कार्यक्रम तथा आर्थिक प्रतिवेदन, लेखा समितिको प्रतिवेदन पारित गर्नुका साथै सहकारी ऐनमा उल्लेख भएको कर सम्बन्धी प्रावधानलाई आर्थिक विधेयकमा समावेश गरी कार्यान्वयन गर्न नेपाल सरकारसंग माग गर्ने, राज्यद्वारा सञ्चालित गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमहरु विभिन्न मन्त्रालय एवं निकायहरुबाट सञ्चालन हुने गरेको र उक्त कार्यक्रमलाई ग्रामिण क्षेत्रमा बस्ने जनतासम्म पुऱ्याउने भरपर्दो माध्यम सहकारी संघ संस्थालाई प्राथमिकता दिन, नेपाल सरकारको १ करोड लगानी रहेको बैंकका १० करोड शेयर रकम पुऱ्याउन, नेपाल सरकार अन्य विभिन्न क्षेत्रमार्फत प्रदान गर्ने सहुलियत दरको कर्जाहरु राष्ट्रिय सहकारी बैंक मार्फत परिचालन गर्न, गरिवी निवारण कोषहरुका विभिन्न कोषहरुबाट सहकारी क्षेत्रमा जाने रकमलाई एकीकृत रुपमा सबै सहकारी संघ संस्थाहरुको बैंकका रुपमा स्थापना भएको सहकारी बैंक मार्फत लैजान सरकारसंग साधारणसभाले माग गरेको छ ।

कृषि क्षेत्र लगायत उत्पादनका क्षेत्रमा काम गर्ने सहकारी संघ संस्थाहरुलाई विशेष प्राथमिकता दिन राज्यसंग माग गर्ने सभाले माग गरेको छ । साधारणसभाबाट राष्ट्रिय सहकारी बैंकले आर्थिक वर्ष २०७३/७४ को कारोबारबाट आफ्ना शेयर सदस्य सहकारी संघ संस्थाहरुलाई १४ प्रतिशत मुनाफा प्रदान गर्ने प्रस्ताव पारित गरेको छ ।

साधारणसभामा अध्यक्ष रमेश पोखरेलले प्रगति प्रतिवेदन, प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले नीति, कार्यक्रम तथा आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रम बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक रामबहादुर जिसीको सञ्चालन, सञ्चालक रामहरि बजगाईको स्वागतमा सम्पन्न भएको थियो । साधारणसभामा सम्मानित सहकारी तथा सहकारीकर्मी र पुरस्कृत कर्मचारीको नामावली सञ्चालक तथा शिक्षा एवं तालिम उपसमितिका संयोजक सरिता भट्टराईले र बन्दसत्रको सञ्चालन बैंकका सञ्चालक ज्ञानबहादुर तामाङ पराजुलीले गर्नु भएको थियो ।

## बैंकको संक्षिप्त परिचय र वर्तमान अवस्थाः

नेपालमा स्थापना भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवं तिनीहरूको वित्तीय आवश्यकतालाई पुरा गरी ती संघ/संस्थाहरूलाई बैकिङ्ग सेवामा पहुँच दिन तथा अन्य वित्तीय सेवा सुविधाहरू उपलब्ध गराई सहकारी क्षेत्रलाई सहयोग पुऱ्याउने उद्देश्यले २०६० आषाढ २५ गते दर्ता भएको सहकारी क्षेत्रको एक मात्र बैंक हो राष्ट्रिय सहकारी बैंक लिमिटेड । यस बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरू बीच २०६१ साउन १९ गतेदेखि कारोवार गर्दै आएको छ। बैंकलाई २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त भएको छ। बैंकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ लिमिटेड, केन्द्रीय सहकारी संघहरू, बिभिन्न जिल्ला सहकारी संघहरू, बिषयगत जिल्ला सहकारी संघहरू, विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरूसमेत देशभरका करिब १० हजार सहकारी संघ संस्था शेयर सदस्य रहेका छन् । बैंकमा १४ औं वार्षिक साधारणसभा सम्पन्न गर्ने समयसम्म नेपाल सरकारको १ करोड सहित बैंकको करिव शेयर रकम ९४ करोड, निक्षेप १५ अर्ब तथा कर्जा लगानी १० अर्ब रहेको छ।

बैंकका १४ औं वार्षिक साधारण सभा सम्म ३७ शाखा कार्यालयहरू स्थापना भइसकेका छन् भने धनकुटा, सर्लाही, महोत्तरी र पाँचथरमा ४ वटा शाखा सञ्चालनको अनुमति प्राप्त भइसकेको छ भने चितवन, नवलपरासी लगायत अन्य १० ठाउँमा शाखा कार्यालय सञ्चालनको प्रक्रिया अगाडि बढाइएको छ । ग्रामीण क्षेत्रमा समेत कारोवारको पहुँच पुग्ने गरी शाखा विस्तार गर्दै लैजाने बैंकको नीति अनुरुप हाल दुर्गम जिल्लाहरूमा पनि थप शाखा कार्यालय स्थापनाका निमित्त नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनका लागि प्रक्रिया अगाडि बढाइएको छ। बैंकले ५ वर्षे रणनीति तयार गरी आफ्ना सदस्यहरुको सेवालाई प्रभावकारी बनाउने लक्ष्य लिएको छ। २०७५ असार मसान्तसम्म बैंकले १६ हजार शेयर सदस्य, २ अर्ब शेयर रकम, २० अर्ब निक्षेप र १६ अर्ब कर्जा लगानी गर्ने लक्ष्य लिएको छ। बैंकले लगानी मध्ये ७० प्रतिशत कर्जा उत्पादन, प्रशोधन, बजारीकरण, पर्यटन, जलस्रोत र वातावरणका क्षेत्रमा लगानी गर्ने लक्ष्य लिएको छ।

## बैंकद्वारा नवनियुक्त मन्त्रि तथा राज्यमन्त्रि...

राज्यमन्त्री द्वयलाई बैंकको पछिल्लो वित्तीय अवस्था, बैंकले देशको सहकारी अभियानमा निभाएको भूमिका र बैंकले कृषि एवं सहकारी क्षेत्रमा खेल्न चाहेको थप भूमिका लगायतका विस्तृत विषयहरु सम्बन्धमा जानकारी गराईएको थियो ।

सो अबसरमा बोल्दै मन्त्रि चक्रपाणी खनालले सहकारी संस्थाहरुले ग्रामिण तह देखि नै जनताको जीवन स्तर उकास्नमा ठुलो भूमिका निर्वाह गर्ने हुदा यस क्षेत्रमा देखिएका स(साना विकृतिहरुलाई कम गर्दै सहकारीका राम्रा पक्षहरुको प्रवर्द्धन गरि सहकारीको विकासमा लाग्नुपर्ने बताउनु भयो, साथै देशको समग्र सहकारी विकासमा राष्ट्रिय सहकारी बैंकले निभाएको भूमिकाको प्रसंशा गर्दै बैंकलाई मन्त्रालयको तर्फवाट गर्नुपर्ने आवश्यक सहयोगका लागि आफु तयार रहेको आश्वासन दिनुभयो, त्यस्तै राज्यमन्त्रि रामकुमारी चौधरीले समृद्ध राष्ट्र बनाउन देशका हरेक नागरिकहरुको आर्थिक स्तर समृद्ध हुनुपर्ने हुदा सहकारी मार्फत समृद्ध राष्ट्र निर्माण सम्भव हुने हुदा सो अभियानमा राष्ट्रिय सहकारी बैंकले निभाएको भूमिका अतुलनीय रहेको बताउनु भयो, भविष्यमा मन्त्रालयले लिएको नीति अनुसार बैंकलाई आवश्यक सहयोग गर्न आफुले पहल गर्ने आश्वासन दिनुभयो ।

उक्त अबसरमा बैंक सञ्चालक समिति, लेखा समिति र बैंकको उच्च व्यबस्थापनका पदाधिकारीहरुले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले देशको कृषि, सहकारी तथा गरिवी निवारण क्षेत्रमा गर्ने कार्यक्रमहरुको बजेट सहकारी बैंक मार्फत सहकारी क्षेत्रमा प्रवाह गराउन पहल गर्ने, सहकारी क्षेत्रमा हुने बजेट तथा नियमनका गतिविधिहरुमा बैंकलाई संलग्न गराउने लगायतका विषयहरु मन्त्रीद्वय लाई ध्यानाकर्षण गराईएको थियो ।

## चितवन, नवलपरासी र नवलपुर...

राष्ट्र बैंकले चितवन जिल्लाको भरतपुर, नवलपरासी जिल्लाको कावासोती र नवलपुर जिल्लाको बर्दघाटमा शाखा सञ्चालनको अनुमति दिएको हो । यस अघि गत कात्तिकमा बैंकले ४ वटा शाखा सञ्चालनको अनुमति पाएको थियो । कात्तिकमा स्वीकृति पाएका धनकुटा जिल्लाको धनकुटा बजार, पाँचथर जिल्लाको फिदिम, सर्लाही जिल्लाको हरिवन र महोत्तरी जिल्लाको बर्दिवासमा शाखा सञ्चालनको काम अन्तिम चरणमा पुगेको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो । २०६० साल असार २५ गते सहकारी विभागमा दर्ता भई २०६१ साउन १९ गतेदेखि कारोबार शुरु गरेको राष्ट्रिय सहकारी बैंकले २०६७ साउन १० गतेदेखि नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ कारोबारको स्वीकृति पाएको थियो । सहकारी विभाग र नेपाल राष्ट्र बैंकको नियमन र अनुगमनमा सञ्चालन भैरहेको सहकारी बैंकका हाल ३७ शाखा र एक कर्पोरेट गरी ३८ स्थानबाट कारोबार सञ्चालन भैरहेको छ । यसै आर्थिक वर्षदेखि बैकले ४४ शाखा र १ कर्पोरेट कार्यालय सहित ४५ स्थानबाट सदस्य सहकारी संघ संस्थाहरुलाई सेवा प्रदान गर्ने भएको छ । देशभरका करिब १० हजार सहकारी संघ संस्था सदस्य रहेको सहकारी बैंकमा नेपाल सरकारको १ करोड सहित ९५ करोड शेयर रकम, १४ अर्ब निक्षेप, ११ अर्ब कर्जा लगानी रहेको प्रवन्ध सञ्चालक उप्रेतीले जानकारी दिनुभयो । बैंकले आ.व. २०७५/०७६ को अन्त्यसम्म १६ हजार शेयर सदस्य, २ अर्ब शेयर रकम, २० र कर्जा लगानी १६ अर्ब पुऱ्याउने लक्ष्य लिएको छ ।

## बैंकद्वारा नवनियुक्त मन्त्रि...

थियो, त्यस्तै सरकारले सहकारी तथा गरिवी निवारण क्षेत्रमा गर्ने कार्यक्रमहरुको बजेट सहकारी बैंक मार्फत सहकारी क्षेत्रमा प्रवाह गराउन पहल गर्ने, सम्बन्धित मन्त्रलायद्वारा सहकारी क्षेत्रमा हुने बजेट तथा नियमनका गतिविधिहरुमा बैंकलाई संलग्न गराउने लगायतका विषयहरु बैंक टोलिद्वारा सो अबसरमा मन्त्रीद्वय समक्ष प्रस्तुत गरिएको थियो ।

सो अबसरमा मन्त्रीद्वयले बैंकले देशको सहकारी अभियानमा निभाएको शिर्षस्थ भूमिकाको प्रसंशा गर्दै सहकारीको वित्तीय क्षेत्र, आर्थिक सामाजिक क्षेत्रका साथै सहकारी अभियानलाई अगाडि बढाउन नेपाल सरकार एवं आफुहरुले पदभार ग्रहण गरेको मन्त्रालयको तर्फवाट हुने गतिविधिहरुमा बैंकलाई सहभागी गराउने आश्वसन व्यक्त गर्नुभयो, नवनियुक्त अर्थमन्त्री डा. युबराज खतिवडा राष्ट्रिय सहकारी बैंक लिमिटेडका पुर्वसल्लाहकार समेत हुनु हुन्थ्यो ।

## चैतको तेस्रो साता दोस्रो सहकारी महासम्मेलन हुदै...

दोस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा देश विदेशका सहकारी विज्ञ सहित सहकारी क्षेत्रमा क्रियाशिल १ हजार जना सहकारीकर्मीहरुको सहभागिता रहनेछ । महासम्मेलन सम्पन्न गर्नका लागि राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष केशव बडालको संयोजकत्वमा ५१ सदस्यीय महासम्मेलन मुल आयोजक समिति गठन गरिएको छ ।

समितिमा सहकारी तथा गरिवी निवारण मन्त्रालय सचिव, अर्थ मन्त्रालयका सचिव, राष्ट्रिय सहकारी महासंघका पदाधिकारी तथा सदस्यहरु, राष्ट्रिय सहकारी विकासबोर्डका सहअध्यक्ष, सहकारी विभागका रजिष्ट्रार, राष्ट्रिय सहकारी बैंक तथा विषयगत केन्द्रीय सहकारी संघका अध्यक्ष तथा प्रतिनिधिहरु रहनु भएको छ । समितिको सदस्य सचिवमा राष्ट्रिय सहकारी महासंघका महाप्रवन्धकलाई चयन गरिएको छ । महासम्मेलनले नेपालको सहकारी अभियानमा हालसम्मको उपलब्धीको सिंहावलोकन गरी थप उपलब्धीमुलक बनाउने, सन २०३० सम्मको दीगो विकास लक्ष्य प्राप्तिका लागि सहभागिता र योगदानमा वृद्धि गर्ने, सरकार तथा सहकारी अभियान एवं सरोकारवाला निकायहरुबीच सुदृढ सम्बन्ध र समन्वयको भावना विकास गर्ने लक्ष्य लिएको छ ।

यस्तै सहकारी क्षेत्रमा रहेका साझा समस्याको पहिचान तथा भावी कार्य दिशा निदृष्ट गर्ने, अन्तर्राष्ट्रिय सहकारी महासंघको लक्ष्य अनुरुप सहकारी दशक भित्र सहकारी व्यवसायको सुदृढीकरणका लागि थप पहलकदमी लिने र सहकारी संघ संस्थाहरुबीच ऐक्यवद्धता एवं साझा प्रतिवद्धताहरु कायम गर्ने लक्ष्य लिइएको महासम्मेलन मुल आयोजक समितिका सदस्य तथा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष मिनराज कंडेलले जानकारी दिनुभयो । काठमाडौंको सोल्टी होटलमा हुने गोष्ठीमा जिल्लामा क्रियाशिल सबै जिल्ला सहकारी संघ र विषयगत सहकारी संघका अध्यक्षहरु सहित सरोकारवाला निकायका प्रतिनिधिहरुको सहभागिता रहने भएको छ ।

नेपालमा पहिलो पटक २०७० चैत ११ देखि १३ गतेसम्म प्रथम राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न भएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रम, शैक्षिक भ्रमण तथा गोष्ठीमा बैंकको सहभागिता

- CICTAB को आयोजनामा २९ जनवरी देखि २ फेब्रुअरी २०१८ सम्म भारतको पुणेमा संचालन भएको Exposure Visit Programme in SHG/JLG and Farmers Club कार्यक्रममा बैंकले सहभागिता जनाएको छ, बैंकको तर्फबाट बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा सहित बैंकका सदस्य संस्थाहरु अरनिको साकोसबाट शारदा सापकोटा, छहारी साकोसको तर्फबाट कृष्णहरि खड्का, शंखधर साकोसको तर्फबाट रामसुन्दर श्रेष्ठ र रत्नकृष्ण श्रेष्ठ सहित ५ जना प्रतिनिधिहरुले यस कार्यक्रममा सहभागिता जनाउनु भएको थियो, College of Agricultural Banking (CAB) मा जम्मा ५ दिन सम्म संचालन भएको कार्यक्रममा सहभागीहरुले सहकारीको माध्यामबाट क्षमता विकासका सिपद्वारा ग्रामिण क्षेत्रको विकास, कर्जा प्रवाह, जागरुकता लगायतका महत्वपूर्ण विषयहरुबारे स्थलगत अनुगमन सहितको तालिम प्राप्त भएको थियो ।

त्यस्तै एशियाली ऋण महासंघको आयोजनामा बैंकक थाइल्याण्डमा २९ जनवरी देखि १ फेब्रुअरी २०१८ सम्म सम्पन्न हुन् गैरहेको Audit Committe Competency Course तालिम कार्यक्रममा समेत बैंकले सहभागिता जनाएको छ, बैंकका सदस्य संस्था नवजीवन सहकारी संस्था धनगढीबाट चेतराज जोशी र विन्ध्यवासिनी साकोस बनेपाबाट सुन्दर श्रेष्ठले यस कार्यक्रममा सहभागिता जनाउनु भएको थियो, ४ दिन सम्म संचालन हुने यस तालिममा सहभागीहरुले सहकारी संस्थामा लेखा समितिको तर्फबाट हुने दायित्व तथा भूमिका साथै यस सम्बन्धमा विकास भएका नवीनतम विषयवस्तु सम्बन्धमा ज्ञान हासिल भएको थियो ।

- ACCU को आयोजनामा संचालन भएको अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको गोगबु शाखा कार्यालयका प्रमुख बिनोद भट्टराई सहित विभिन्न संघ/संस्थाहरुका कुल ११ जना अध्यक्ष, संचालक तथा व्यवस्थापकहरुले सहभागिता जनाउनु भएको छ । मार्च ४ देखि ९ तारिक सम्म Thailand को Bangkok मा संचालक भएको "Training on Credit Union Loan Officers Competency Course" कार्यक्रमको प्रमुख उदेश्य वित्तीय सस्थाहरुमा कर्जा परिचालन कसरी व्यवस्थित गर्ने, कर्जाका बैज्ञानिक नीति नियम कसरी तर्जुमा गर्ने, साथै कर्जा प्रवाहको सरल प्रकिया अवलम्बन कसरी गर्ने रहेको थियो ।



- CICTAB को आयोजनामा जनवरी ८ देखि १२ गते सम्म नयाँ दिल्लीमा संचालन भएको International Programme on Training Techniques for Trainers of Cooperatives and Rural Financing Institutionsæ कार्यक्रममा बैंकको तर्फबाट राष्ट्रिय सहकारी बैंक लघु वित्त उपसमितिको सदस्य एवं उपासना महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष अमरावती बलामी महर्जन, लगनखेल शाखाको शाखा प्रमुख रमा घिमिरे, कलंकी शाखाको शाखा प्रमुख अर्पणा पन्त लगायत अन्य सदस्य संस्थाका ४ जना गरि जम्मा ७ जना प्रतिनिधिहरुले सहभागीता जनाउनु भएको छ । National Cooperative Union of India (NCUI) मा संचालन भएको उक्त कार्यक्रममा मानव संसाधन विकासबाट सहकारी तथा ग्रामिण वित्तीय सस्थाहरु दिगो आर्थिक विकास, तालिमको योजना, संगठन र कार्यान्वयन, तालिम कार्यक्रमलाई कसरी प्रविधि मैत्री बनाउने तथा प्रभावकारी तालिमहरु संचालन विधि सम्वन्धी तालिम संचालन भएको थियो । त्यसै गरि CICTABको आयोजनामा जनवरी ८ देखि ११ गते सम्म लखनउमा संचालन भएको "Skill Development of Trainers in the area of Promotion and Financing SHGs & JLGs for Financial Inclusion of Rural Poor" कार्यक्रममा बैंकको योजना तथा अनुसन्धान विभागका सहायक अधिकृत जनक त्रिपाठी, सुनगाभा साकोसका अध्यक्ष एवं व्यबस्थापक क्रमस: राजेन्द्र श्रेष्ठ र बलराम राउत लगायत अन्य सदस्य संस्थाका ५ जना गरि जम्मा ८ जना प्रतिनिधिहरुले सहभागीता जनाउनु भएको छ । Bankers Institute of Rural Development (BIRD) मा संचालन भएको ४ दिने कार्यक्रममा ग्रामीण वित्तीय संस्थाहरू र स्वयं सहायता समूहको बीच कसरी प्रभावकारी सम्बन्धको विकास र उक्त समूह तथा संयुक्त दायित्व समूह वित्तीय प्रणालीबाट ग्रामीण गरिबि निवारण कसरी गर्न सकिन्छ लगायतका विषयहरुमा छलफल एवं तालिम संचालन भएको थियो ।

- CICTAB आयोजनामा २५ फेब्रुअरी २०१८ देखि १ मार्च सम्म बंगलादेशको ढाकामा सञ्चालित International Programme on Agricultural Financing & Rural Development कार्यक्रममा बैंकले सहभागिता जनाएको छ, बैंकको तर्फबाट सहायक अधिकृत कर्मचारी हिरालाल सुनार र KAFSCUN का संचालक समिति सदस्य तारानाथ सापकोटाले सहभागिता जनाउनु भएको थियो । Bangladesh Bank Training Academy मा सम्पन्न भएको उक्त कार्यक्रममा कृषि र ग्रामिण विकास सम्बन्धमा रहेका बृहत विषयवस्तु बारे

सहजीकरण गरिएको थियो । सार्क राष्ट्रमा रहेका CICTAB का सदस्य संस्थाहरुका प्रतिनिधिहरु उक्त कार्यक्रममा सहभागिता रहेको थियो । सहभागीहरुले आ-आफ्नो राष्ट्रमा कृषि र ग्रामिण विकास सम्बन्धमा भएका विविध गतिबिधि वारे जानकारी आदानप्रदान समेत भएको थियो ।

- ICA-AP को आयोजनामा २६ फेब्रुअरी देखि १ मार्च सम्म Colombo (Sri Lanka) मा संचालन भएको Asia-Pacific Co-operative Development Conference मा बैंकले सहभागिता जनाएको छ, बैंकको तर्फवाट बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल तथा बैंकको सदस्य संस्था लालुपाते सहकारी संस्थाको तर्फवाट अनिल जोशीले उक्त कार्यक्रममा सहभागिता जनाउनु भएको थियो । यस चार दिन सम्म सञ्चालित कार्यक्रममा सहभागीहरुले गरीबी उन्मूलन अवसर, संरक्षण र सशक्तिकरण, दीर्घकालीन खाद्य प्रणाली निर्माण, पहुँच विकास जस्ता बृहत विषय वारे छलफल गर्नुका साथै श्रीलंकाका स्थानीय सहकारी संघ/संस्थामा अवलोकन भ्रमण कार्यक्रम समेत सम्पन्न भएको थियो ।

- सहकारी क्षेत्रका बुद्धिजीवी, सहकारीका अभियन्ता र सहकारी बैंक प्रबन्धक संचालक के. बी. उप्रेती अमेरिकाको Tysons Corner, Virginia America मा आयोजित Banking Leadership Program for Senior Bank Official नामक ५ दिने कार्यक्रममा सहभागिता जनाउनु भएको छ । International Development Institute ले आयोजना गरेको उक्त कार्यक्रम अमेरिकन बैंकहरुमा भएका नवीनतम अभ्यास, वित्तीय अनुपालन, सफल बैंकिंग अनुभव आदिको बारेमा केन्द्रित रहेको थियो । कार्यक्रममा सहभागिताको लागि प्रवन्धक संचालक के.बी. उप्रेतीलाई कर्पोरेट कार्यालयमा आयोजित एक कार्यक्रमका बिच बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा, विभागीय प्रमुखहरु, अन्य कर्मचारीहरु सहित International Development Institute का सस्थापक काशी तिमिसिनाले संयुक्त रुपमा शुभकामना प्रदान भएको थियो । उक्त कार्यक्रम मार्च १२ देखि १६ सम्म संचालन भएको थियो ।

- राष्ट्रिय सहकारी बैंक लिमिटेड तालिम विभाग प्रमुख रामबाबु आचार्य एसियाली ऋण महासंघ (ACCU) ले आयोजना गरेको Tools for the Integration Credit Union Networks विषयको CEOs Workshop मा सहभागिता जनाउनु भएको छ । मार्च ११ देखि १६ सम्म थाईल्याण्डको बैंककमा आयोजना भएको उक्त कार्यशालामा एसियाली ऋण महासंघसंग आबद्ध विभिन्न राष्ट्रका सहकारी संघ संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा उच्च कर्मचारीहरुकोसहभागिता रहेको थियो ।

- CICTAB को आयोजनामा १९ देखि २२ मार्च २०१८ सम्म भारतको पुणेमा संचालन भएको International Programme on Women's development through income generating activities कार्यक्रममा बैंकले सहभागिता जनाएको छ, बैंकको सदस्य संस्थाहरु मेची सहकारी संस्था झापावाट चन्द्र प्रसाद थापा, हिमाली साकोस सुर्खेतवाट बिर बहादुर रावत, घोराही साकोस दाङ्गवाट बिमल श्रेष्ठ, जयन्ती साकोस काठमाडौंवाट दिवाकर खनाल र मेची सहकारी संस्था झापावाट गीता कुवर गरि जम्मा ५ जना प्रतिनिधिहरुले सो कार्यक्रममा सहभागिता जनाउनु भएको हो । National Institute of Bank Management पुणेमा संचालन भएको ४ दिने कार्यक्रममा महिला सशक्तिकरणका उपाय, ग्रामिण तथा पिछडिएका क्षेत्रमा रहेका महिलाहरुलाई आर्थिक विकासका गतिबिधिमा कसरी सहभागी बनाउने लगायतका विषयहरुमा छलफल एवं तालिम संचालन भएको थियो ।

- ACCU को आयोजनामा संचालन भएको अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको गंगबु शाखा कार्यालयका प्रमुख बिनोद भट्टराई सहित विभिन्न संघ/संस्थाहरुका कुल ११ जना अध्यक्ष, संचालक तथा व्यवस्थापककहरुले सहभागिता जनाउनु भएको छ । मार्च ४ देखि ९ तारिक सम्म Thailand को Bangkok मा भएको Training on Credit Union Loan Officers Competency Course नामक अन्तर र्ष्ट्रिय कार्यक्रमको प्रमुख उदेश्य वित्तीय सस्थाहरुमा कर्जा परिचालन कसरी व्यवस्थित गर्ने, कर्जाका बैज्ञानिक नीति नियम कसरी तर्जुमा गर्ने, साथै कर्जा प्रवाहको सरल प्रकिया अवलम्बन कसरी गर्ने रहेको थियो ।

- CICTAB को आयोजनामा जनवरी ८ देखि १२ गते सम्म नयाँ दिल्लीमा संचालन भएको International Programme on Training Techniques for Trainers of Cooperatives and Rural Financing Institutionsæ कार्यक्रममा बैंकको तर्फवाट राष्ट्रिय सहकारी बैंक लघु वित्त उपसमितिको सदस्य एवं उपासना महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष अमरावती बलामी महर्जन, लगनखेल शाखाको शाखा प्रमुख रमा घिमिरे, कलंकी शाखाको शाखा प्रमुख अर्पणा पन्त लगायत अन्य सदस्य संस्थाका ४ जना गरि जम्मा ७ जना प्रतिनिधिहरुले सहभागीता जनाउनु भएको छ । National Cooperative Union of India (NCUI) मा संचालन भएको उक्त कार्यक्रममा मानव संसाधन विकासबाट सहकारी तथा ग्रामिण वित्तीय सस्थाहरु दिगो आर्थिक विकास, तालिमको योजना, संगठन र कार्यान्वयन, तालिम कार्यक्रमलाई कसरी प्रविधि मैत्री बनाउने तथा प्रभावकारी तालिमहरु संचालन विधि सम्वन्धी तालिम संचालन भएको थियो । त्यसै गरि CICTABको आयोजनामा जनवरी ८ देखि ११ गते सम्म लखनउमा संचालन भएको “Skill Development of Trainers in the area of Promotion and Financing SHGs & JLGs for Financial Inclusion of Rural Poor” कार्यक्रममा बैंकको योजना तथा अनुसन्धान विभागका सहायक अधिकृत जनक त्रिपाठी, सुनगाभा साकोसका अध्यक्ष एवं व्यबस्थापक क्रमसः राजेन्द्र श्रेष्ठ र बलराम राउत लगायत अन्य सदस्य संस्थाका ५ जना गरि जम्मा ८ जना प्रतिनिधिहरुले सहभागीता जनाउनु भएको छ । Bankers Institute of Rural Development (BIRD) मा संचालन भएको ४ दिने कार्यक्रममा ग्रामीण वित्तीय संस्थाहरू र स्वयं सहायता समूहको बीच कसरी प्रभावकारी सम्बन्धको विकास र उक्त समूह तथा संयुक्त दायित्व समूह वित्तीय प्रणालीबाट ग्रामीण गरिबि निवारण कसरी गर्न सकिन्छ लगायतका विषयहरुमा छलफल एवं तालिम संचालन भएको थियो ।



# सहायक कर्मचारीहरुको लागि कार्यालय व्यवस्थापन तालिम सम्पन्न

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सहायक स्तरका सम्पूर्ण कर्मचारीहरुको व्यक्तिगत विकास र क्षमता अभिवृद्धिका लागि ३ दिने कार्यालय व्यवस्थापन तालिम राष्ट्रिय सहकारी महासंघको तालिम हल पुल्चोक ललितपुरमा चार चरण गरि सम्पन्न गरेको छ ।

बैंकले चालु आर्थिक बर्षमा सबै तहका कर्मचारीहरुलाई शिक्षा तथा तालिमको अबसर उपलब्ध गराउने उद्देश्य सहित बैंकमा कार्यरत सहायक तथा बरिष्ठ सहायक तहका सम्पूर्ण कर्मचारीहरुलाई कार्यालय व्यबस्थापन तालिममा सहभागी गराईएको हो, पहिलो चरण २०७४ असोज २४ देखि २६ गते सम्म दोस्रो चरण २०७४ माघ १० देखि १२ गते सम्म, तेस्रो चरण २०७४ माघ २२ देखि २४ गते सम्म र चौथो चरण २०७४ फागुन २० देखि २२ गते सम्म गरि जम्मा ४ चरणमा यस तालिम कार्यक्रम राष्ट्रिय सहकारी महासंघको तालिम हल पुल्चोक ललितपुरमा सम्पन्न गरिएको थियो ।

बैंकको कर्पोरेट कार्यालय सहित शाखा कार्यालयवाट कर्मचारीहरु लाई मिश्रित रुपमा सहभागी गराई जाली नोट पहिचान, व्यवसाय प्रवर्धन, लेखा, कर्जा, कर्जा असुली, तालिम व्यवस्थापन, प्रशासनिक तथा कर्मचारी व्यवस्थापन, कर्मचारी उत्प्रेरणा, सूचना प्रविधि, सदस्य-बैंक व्यवहार तथा सम्बन्ध विस्तार जस्ता वृहत विषय वस्तुहरुको बारेमा तालिम प्रदान




गरिएको थियो । विभिन्न चरणमा चलेको तालिमहरुमा बोल्दै बैंकका प्रबन्ध संचालक के. बी उप्रेतीले तालिममा सिकेको सीप र ज्ञानलाई सदस्य संघ संस्थाको सेवा र हितमा प्रयोग गर्नु हुन तथा आइपरेका समस्याहरुलाई हल गर्न उपयोग गर्न निर्देशन दिनुभयो । त्यस्तै तालिमको अबसरमा बोल्दै बैंकका संचालक तथा शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता भट्टराईले तालिमले सदैव कर्मचारीको आत्मविश्वास वृद्धि गर्ने भएकोले यस्ता तालिम कार्यक्रम अपरिहार्य रहेको बताउनु भयो साथै उहाँले तालिमलाई कर्मचारीहरुको साथ साथै सदस्य संघ/संस्थाहरुलाई पनि दिएर दिगो विकाश लक्ष्य प्राप्तिमा योगदान गर्नु पर्ने बताउदै आफ्ना सदस्य संघ संस्थाको मन जिती उच्च मनोबलका साथ काम गर्न कर्मचारी हमेशा तयार हुनु पर्नेमा जोड दिनु भयो । बैंकका तालिम विभागका प्रमुख रामबाबु आचार्यले बैंकमा कार्यरत सबै कर्मचारीहरुलाई एक आर्थिक वर्षमा कम्तिमा एउटा तालिम तथा शिक्षाको कार्यक्रममा सहभागी गराउने लक्ष्य सहित यस बर्षका कार्यक्रमहरु सम्पन्न गरिएको साथै आगामी बर्ष हरुमा पनि यस लाई निरन्तरता दिइने जानकारी गराउनु भयो । चरणबद्ध रुपमा सम्पन्न यस तालिम कार्यक्रमको समापनको अबसरमा कर्मचारीहरुले बैंकको कार्य संग सम्बन्धित विषयहरुमा राखेका जिज्ञासाहरुको सम्बन्धित विभागीय प्रमुखहरुवाट समाधान गराईएको थियो ।

## दुई चरणमा दक्षता अभिवृद्धि तालिम सम्पन्न

बैंकले आफ्ना सहयोगी तहका कर्मचारीहरुको बैंकको दैनिक कार्यमा आवश्यक सिपमा क्षमता वृद्धि गर्न २ चरणमा दक्षता अभिबृद्धि तालिम सम्पन्न गरेको छ, बैंकको दैनिक जसो कार्यमा हुने उपयोगी विषयबस्तुहरु समेटी बैंकका शाखा कार्यालयहरुमा सहयोगी तहमा कार्यरत कर्मचारीहरु समाबेश गराई मिति कार्तिक २५ देखि २९ र माघ २६ देखि फागुन ११ गते सम्म २ चरणमा सम्पन्न गरिएको थियो ।

## साहारा नेपाल साकोसको संचालकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

*झापा,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. चारपाने, झापाले आफ्ना संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति र वरिष्ठ कर्मचारीहरुको सहभागितामा सहकारी संचालकहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ, सहकारीबाट ३३ जनाको सहभागितामा लेटांग, मोरंगमा २०७४ माघ २५ गते देखि २८ गते सम्म संचालित तालिममा राष्ट्रिय सहकारी बैंकका तालिम विभाग प्रमुख राम बाबु आचार्यले प्रशिक्षण दिनु भएको थियो ।

# कोहलपुरमा सहकारी ऐन सम्बन्धी सचेतना

*कोहलपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेड कोहलपुर शाखा र कोहलपुर सहकारी सञ्जालको आयोजनामा एक दिने सहकारी ऐन २०७४ र सहकारी बैंक लिमिटेडले प्रदान गर्ने सेवा विषयक अन्तरक्रिया कार्यक्रम मंगलवार सम्पन्न भएको छ ।

सहकारी क्षेत्रलाई प्रभावकारी बनाउन, राज्यले लिएको तीन खम्बे अर्थनीति अनुसार सहकारी क्षेत्रलाई अगाडि बढाउनका लागि सहकारी ऐनमा रहेका सहकारी मैत्री नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा जिल्ला सहकारी संघ लिमिटेड बाँकेका अध्यक्ष प्रेम सुवेदीले सहकारी ऐन २०७४ का बारेमा सहजीकरण गर्नु भएको थियो । उहाँले ऐनमा धेरै सकारात्मक कुराहरु रहेको र केही सुधार गर्न पर्ने विषयहरु रहेको जानकारी गराउनुभयो । सकारात्मक कुरालाई प्रभावकारी कार्यान्वयन र सुधार गर्ने विषयलाई समयानुकुल परिमार्जनका लागि समन्वय गर्नु पर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक कोहलपुर शाखाका प्रमुख सुजन ददेलले बैंकको वर्तमान अवस्था र सदस्य संघ संस्थाहरुलाई प्रवाह गर्ने सेवाका बारेमा सहजीकरण गर्नु भएको थियो । सहकारी बैंकमा हाल देशभरका करिब १० हजार सहकारी संघ संस्था सदस्य रहेको, ९५ करोड शेयर रकम, १४ अर्ब निक्षेप, १० अर्ब लगानी गर्नुका साथै ४१ शाखामार्फत सहकारी क्षेत्रको सवलीकरणमा बैंकले काम गर्दै आइरहेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालयका प्राचार्य सागर अधिकारी नेपालगञ्ज सहकारी सञ्जालका अध्यक्ष विजया धिताल, जिल्ला सहकारी संघ बाँकेका लेखा समितिका संयोजक खड्क ओली, जिल्ला साना किसान सहकारी संघका अध्यक्ष



एकता शाह, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष भूपेन्द्र अधिकारी लगायतले सहकारी ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिनु भएको थियो । बाँकेका करिब १ सय सहकारी संघ संस्थाका अध्यक्ष र व्यवस्थापकहरुको सहभागिता रहेको कार्यक्रम कोहलपुर सहकारी सञ्जालका अध्यक्ष मिना सिग्देलको अध्यक्षता र मितेरी बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक डण्डपाणी बस्यालको सञ्चालनमासम्पन्न भएको थियो ।

# बजरंगबली सहकारीको व्यवसायिकीकरण तालिम

*भक्तपुर,*

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोग एवं बजरंगबली बचत तथा ऋण सहकारी संस्था लोकन्थली, भक्तपुरको आयोजनामा सहकारी व्यावसायिकीकरण तालिम सम्पन्न भएको छ। काभ्रेको बुडोलमा २०७४ माघ १९ गते शुरु भएको तालिम २१ गते सम्पन्न भएका थियो। आयोजक संस्थाका सञ्चालक समिति, लेखा समिति उपसमिति तथा कर्मचारीहरु गरी १६ जना सहभागी रहेका तालिम राष्ट्रिय सहकारी बैंकका तालिम विभाग प्रमुख राम बाबु आचार्यबाट तालिमको सहजीकरण गरिएको थियो ।




# पाल्पामा राष्ट्रिय सहकारी बैंकको शाखा माग

*पाल्पा,*

देशभरका सम्पूर्ण सहकारी संघरसंस्थाहरुको वित्तिय आत्मनिर्भता तथा प्रर्वद्धन गर्ने उद्देश्यका साथ स्थापित सहकारीहरुको एकमात्र बैंक राष्ट्रिय सहकारी बैंकको शाखा स्थापना गर्न पाल्पा जिल्लाका सहकारीकर्मीहरुले माग गरेका छन, राष्ट्रिय सहकारी बैंक बुटवल शाखाको आयोजना तथा जिल्ला सहकारी संघ पाल्पाको व्यवस्थापनमा भएको सहकारी संघरसंस्था र राष्ट्रिय सहकारी बैंक विचको अन्तरक्रिया कार्यक्रममा पाल्पा जिल्लाका सहकारी अभियान्ताहरुले यस्तो बताएका हुन । कार्यक्रम बैंकका प्रवन्ध सञ्चालक के.वि. उप्रेतीको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । उक्त कार्यक्रममा बैंकको बुटवल शाखाका प्रमुख नरेश पाण्डेले बैंकको समग्र अवस्था सहितको प्रस्तुतीकारण दिनुभएको थियो ।

प्रस्तुतीकारण पछी सहभागीहरुले राखेका जिज्ञासा बारे बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले प्रष्ट पार्नु भएको थियो, जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष कृष्ण बहादुर जि.सी. को अध्यक्षता, सचिव बिष्णु बोमरेलको संचालन सम्पन्न कार्यक्रमको स्वागत मन्तव्य बैंकको बुटवल शाखाका कर्मचारी अस्मिता नेपालले




दिनु भएको थियो, कार्यक्रममा जिल्लाका १०० भन्दा बढी सहकारी संघरसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# फर्पिंगमा बैंकको सेवा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

*दक्षिणकाली,*

राष्ट्रिय सहकारी बैक लिमिटेड मुख्य शाखा कार्यालयको आयोजनामा फर्पिंग क्षेत्रमा १ दिने अन्तरक्रिया कार्यक्रम फागुन २७ गते सम्पन्न भएको छ ।

बैकका सञ्चालक ज्ञान बहादुर तामाङ्गको अध्यक्षता तथा दक्षिणकाली नगरपालिकाका मेयर मोहन बस्नेतको प्रमुख आतिथ्यतामा तथा दक्षिण क्षेत्रीय सहकारी समन्वय समितिका अध्यक्ष तथा कानुनी सल्लाहकार क्रमशः विरेन्द्र बलामी तथा प्रल्हाद बस्नेतको आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा राष्ट्रिय सहकारी बैकको परिचय, उद्देश्य तथा भावि रणनितिका विषयमा बैकको मुख्य कार्यालयका शाखा प्रबन्धक युबराज पाण्डेले प्रकाश पार्नु भएको थियो । बैकका सेवा सम्बन्धी प्रस्तुति बैंकका व्यबसाय प्रबर्द्धन तथा सदस्य सेवा विभाग प्रमुख मधु रायमाझीले दिनु भएको थियो, सो अवसरमा बैंकका सञ्चालक ज्ञान बहादुर तामाङ्गले सहकारीका लागी सहकारी बैकको महत्व तथा यसको अपरीहार्यताको बारेमा र फर्पिंग क्षेत्रमा अवस्थीत सम्पुर्ण सहकारी सघं/सस्थाहरुलाई राष्ट्रिय सहकारी बैकमा आबद्ध गराई वित्तिय सेवाको पहुचका लागी कार्य गर्नु पर्ने उल्लेख गर्नु भएको थियो ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथी दक्षिणकाली नगरपालिकाका मेयर मोहन बस्नेतले स्थानीय तहमा सहकारी सम्बन्धी नीति निर्माण गर्दा आफुले सहकारी विज्ञको सहयोग लिने बताउनु हुदै सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्नेमा जोड दिनु भएको थियो । अन्तरक्रियाका क्रममा




उठेका जिज्ञासा तथा समस्याहरुलाई बैंकका संचालक ज्ञान बहादुर तामाङ्ग, मुख्य शाखा प्रमुख युबराज पाण्डे तथा कलंकी शाखा प्रमुख अपर्णा पन्तले सम्बोधन गर्नु भएको थियो । फर्पिंग क्षेत्रका ६० सहकारीका करिब १ सय जना सहकारीकर्मीको उपस्थिती रहेको उक्त कार्यक्रम गोपालेश्वर सहकारी संस्थाको गौरीशंकर हलमा दक्षिण क्षेत्रीय सहकारी समन्वय समितिको व्यबस्थापनमा भएको थियो ।

# धनगढिमा सेवा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

*धनगढी,*

राष्ट्रिय सहकारी बैक धनगढी शाखाले आफ्ना शेयर सदस्य सहकारी संघ/सस्थाहरु माझ १ दिने अन्तरक्रिया कार्यक्रम फागुन ९ गते सम्पन्न गरेको छ। कार्यक्रमका प्रमुख अतिथी प्रदेश नं. ७ का सामाजिक विकास मन्त्री दिर्घ सोडारीले सहकारी बैकले सहकारी क्षेत्रमा कार्य गरी सहकारी सस्थाको उल्लेख्य प्रगती गर्नका लागी अहम भुमिका खेलेको बताउनुभएको थियो । उहाँले गरिवी निवारणका लागि सहकारीको भूमिकालाई थप प्रभावकारी बनाउन प्रदेश नं. ७ को प्रदेश सरकार सक्रिय भएर लाग्ने बताउनुभएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी महासघका बरिष्ठ उपाध्यक्ष मिन राज कडेलले बैकमा सवै सहकारी सघ/सस्था आबद्ध हुनुपर्ने तथा निजी बैकको दाजोमा सहकारी बैकलाइ पहिलो प्राथमिकतामा राख्नुपर्ने बारेमा आफ्ना भनाईहरु राख्नु भएको थियो ।




अन्तराष्ट्रिय सहकारी महासघंका संचालक सदस्य श्री ओमदेवि मल्लले सहकारी संघ/सस्थाको विकास तथा प्रबर्धनका लागी राष्ट्रिय सहकारी बैक देशभरीकै एउटा मात्र स्थापीत बैक भएको तथा सहकारीको अभिभावकको भुमिका खेलेको कुरा ब्यक्त गर्नु भएको थियो । कार्यक्रममा बैकका प्रबन्ध सञ्चालक के.वि.उप्रेतीले सहकारीका लागी सहकारी बैकको अपरीहार्यताको बारेमा तथा प्रदेश नं. ७ अवस्थीत सम्पुर्ण सहकारी सघंरसस्थाहरुलाई राष्ट्रिय सहकारी बैकमा आवद्ध गराई वित्तिय सेवाको पहुचका लागी यस प्रदेशमा थप शाखा स्थापना गर्ने विषयका बारेमा उल्लेख गर्नु भएको थियो । कार्यक्रममा अन्तरक्रियाका क्रममा उठान भएका विभिन्न जिज्ञासा तथा समस्याहरुलाई बैकका प्रबन्ध सञ्चालक के. वि. उप्रेति तथा संचालक श्री हरिहरनाथ योगीले समाधान गर्नु भएको थियो। राष्ट्रिय सहकारी बैकको परिचय, उदेश्य तथा भावि रणनितिका विषयमा शाखा धनगढीका शाखा प्रमुख कृष्ण रावलले प्रकाश पार्नु भएको थियो । कार्यक्रममा कैलाली तथा कञ्चनपुरका ६५ भन्दा वढी सहकारी संघ सस्थाको उपस्थिती रहेको थियो ।

# विश्वविद्यालयमा सहकारी विषय अध्ययन तथा पाठ्यक्रम विकास सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

ललितपुर,

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा "Prospective of University Campus Cooperative in Nepal and Curriculum Development for Cooperative Study" सम्बन्धमा अन्तरक्रिया कार्यक्रम पुस २६ गते सम्पन्न भएको छ ।



कार्यक्रम बोल्दै सहकारी विभागका पुर्व रजिष्ट्रार सुदर्शन ढकालले राष्ट्र विकासमा अर्थनीतिको तिन खम्वा मध्येको एक सहकारी क्षेत्र अध्ययनको लागि पाठ्यक्रम विकासमा नेपाली विज्ञ नै सक्षम रहेकोले सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गर्नुपर्ने राय व्यक्त गर्नुभयो । उप-रजिष्ट्रार नारायण प्रसाद ज्ञवालीले सहकारी विषय अध्ययन तथा पाठ्यक्रम तयार सम्बन्धमा गर्नुपर्ने नीति तयार तथा संशोधन लगायत विषयहरु औल्याउनुभयो ।

काठमाडौं विश्वविध्यालयका व्यवसाय प्रवर्द्धनका संयोजक रुपेश कृष्ण श्रेष्ठले सहकारी विषयलाई विश्वविधालयमा अध्ययनको लागि शुरुवातमा ऐच्छिक विषय अध्ययन गराउने र भविष्यमा यस विषयमा आकर्षण बढ्दै गएमा छुट्टै विषयमा डिग्री हासिल गराउने रुपमा अगाडी बढाउन सकिने बताउनु भयो ।

ICA-AP Committee on University/Campus Co-operatives का Vice Chairperson इन्दिरा पन्तले अन्य मुलुकका विश्वविद्यालयहरुले सहकारी विषयलाई आफ्नो पाठ्यक्रममा समावेश गराई अध्ययन गराईरहेको परिप्रेक्ष्यमा नेपालमा समेत यस कार्यलाई अगाडी बढाउनु पर्ने राय व्यक्त गर्नुभयो, वहाँले अन्य देशहरुको विश्वविद्यालयमा विभिन्न प्रकारका सहकारी स्थापना गरि सहकारी विषयको अध्ययन संगसगै सहकारीको व्यवहारिक ज्ञान दिने गरेकोले उक्त देशहरुमा सहकारीहरू धेरै सफल भएको चर्चा गर्दै, नेपालका विश्वविद्यालयहरुमा पनि सहकारी स्थापना गर्न जरुरी रहेको बताउनु भएको थियो ।

बैंकका संचालक सरिता भट्टराईले सहकारी मार्फत दिगो विकासको लक्ष्य हासिल गर्न सहकारी बिषय अध्ययन तथा पाठ्यक्रम तयार अनिवार्य जस्तै भएकोले सरोकारवाला निकायहरु त्यस कार्यमा जुट्नुपर्ने कुरा व्यक्त गर्नुभयो, कार्यक्रममा बोल्ने अन्य बक्ताहरुले नेपालको सहकारी क्षेत्रमा युवा आकर्षण बढाउन र सहकारी मार्फत राष्ट्र विकासको लागि पाठ्यक्रम तयार र सहकारी बिषय अध्ययनलाई तत्काल अगाडी बढाउन जरुरि रहेको विचार व्यक्त गर्नुभयो ।

बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले बैंकले सहकारीको विकास तथा प्रवर्द्धनमा आफ्नो क्षेत्रवाट पैरवी गर्दै आइरहेको बताउदै सहकारी विषयलाई नेपालका विश्वविद्यालयहरुमा अध्ययन अध्यापन गराउने बातावरण तयार गर्न सबै निकायहरुको समन्वय जरुरि रहेको औल्याउदै बैंकको निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनुभएकोमा धन्यवाद ज्ञापन गर्दै यस विषयमा आफ्नो क्षेत्रवाट सबै निकायहरुको सहयोग रहने अपेक्षा गर्नुभयो ।

# राष्ट्रिय कार्यशाला गोष्ठीमा बैंकको सहभागिता

राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको २ दिने सहकारी संघ/संस्था सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धन राष्ट्रिय कार्यशाला गोष्ठीमा राष्ट्रिय सहकारी बैंकका तर्फबाट बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले बैंक सम्बन्धमा जानकारी गराउनु भएको छ । उक्त कार्यक्रमको अध्यक्षता बैंकका अध्यक्ष रमेश पोखरेलले गर्नुभएको थियो भने कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष द्वारा बैंकका लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।



# सन्दर्भ : नेपालमा सहकारीको जन्म दिन



**कुलचन्द्र अधिकारी**
संयोजक,
लेखा समिति, राष्ट्रिय सहकारी बैंक लिमिटेड

सन्दर्भ सहकारी आन्दोलनको जन्म उत्सव चैत्र २० गतेको हो । २०१३ साल चैत २० गते नेपालमा पहिलो पटक सहकारीको शुरुवात भए पनि सहकारी दिवसका रुपमा उक्त दिनलाई मनाउने काम २०५१ सालदेखि शुरु भएको हो ।

राष्ट्रिय सहकरी संघ लिमिटेडको संचालक समितिको निणर्य अनुसार सर्वप्रथम चितवन जिल्लामा २०५१ चैत्र २० गते सहकारी संघ संस्थाहरुको ब्यानरमा सहकारी नारा समेतलाई सम्बोधन गरि औपचारिक कार्यक्रमको शुरुवात गरिएको थियो । उक्त दिन बिहान चितवनका विभिन्न सहकारीहरुको सहभागितामा प्रभातभेरी गरी जिल्ला विकास समितिको सभा हलमा कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा संघका अध्यक्ष दिपक प्रकाश बास्कोटा र विशिष्ठ अतिथिका रुपमा संघको संचालक कुलचन्द्र अधिकारीको सहभागिता रहेको थियो । कार्यक्रममा सहकारीको ऐतिहासिक विकासक्रम र नेपालमा सहकारी अभियानलाई अगाडि बढाउने विषयमा छलफल भएको थियो ।

चितवनको कार्यक्रम सकेर २०५१ चैत २१ गते सप्तरीको राजविराजमा विशाल सहकारी भेला भएको थियो । सहकारीकर्मीहरुको ऱ्यालीले नगरपरिक्रमा गरि औपचारिक कार्यक्रम सम्पन्न भएको थियो । सहकारी दिवसको शुरुवात गरेपछि हालसम्म निरन्तर रुपमा सहकारी दिवसलाई मनाउने काम भैरहेको छ । पहिला सिमित ठाउँमा मनाइने सहकारी दिवस पछिल्लो समय देशव्यापी रुपमा मनाउन थालिएको छ । २०५१ देखि २०७४ सम्मको यो सहकारी जन्मदिनको यात्रामा हामी सम्पूर्ण सहकारीकर्मीहरु एक भएर लागि परेका छौं । २०१० देखि २०७४ सम्मको नेपालको सहकारी आन्दोलन को ६५ बर्ष को एतिहासिक दिन चैत २० गतेलाई सहकारीको शुरुवातको दिनका रुपमा मात्र नभई आम जनतामा प्रभाव पर्ने गरी मनाउन आवश्यक छ ।

६५ बर्षको सहकारी इतिहास सहकारी विभागको शिलालेखबाट पाइन्छ, सहकारी दिबस २०७४ मनाइरहेको अबस्थामा हामी सबैको सहकारी भित्रको मत एउटै छ, मेची देखि महाकाली सम्म हिमाल देखि तराइ सम्म भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय भित्र क्याबिनेटमन्त्री र राज्यमन्त्री समेतको व्यवस्था छ भने देशको ध्यान आर्थिक सम्बृद्धिमा सहकारी अभियानको जिम्मेवारी बढेको छ दैनिक सहकारी कारोवारले राष्ट्रको सम्पूर्ण काममा सहयोग पुऱ्याएको छ ।

२०४७ सालमा सहकारी महासंघ परामर्श समितिको गठन गर्ने क्रममा तत्कालिन अन्तरिम सरकारका कृषिमन्त्री झलनाथ खनालको प्रस्तावमा प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईले प्रस्तावित १५ सदस्यीय समितिलाई ७ सदस्यीय बनाउनु भएको थियो । जस अनुसार संयोजकमा राधाकृष्ण मैनाली, सदस्यहरुमा सुवासचन्द्र नेम्बाङ, मदनकुमार खतिवडा, चेतन्य मिश्र, मुकुन्दराज सत्याल, कुलचन्द्र अधिकारी र सदस्य सचिवमा भोगेन्द्र चौधरी रहनु भएको थियो ।

## समितिको गठन विधि

समितिको गठन विधि निम्न बमोजिम रहेको थियो ।

१. राधा कृष्ण मैनाली (संयोजक) किसानको छोरो उहाको बाबुबाजे तथा मैनालीहरु ऐतिहासिक थलो (काभ्रे पलान्चोक जिल्ला हालको परिवर्तनमा उक्त ठाउँ नमोबुद्ध नगर पालिका ५ पर्दछ ।

२. सुवास चन्द्र नेम्वाङ (समितिको सदस्य) उहा कानून सम्वन्धि जानकार वकिलका साथै कानून विश्व विद्यालयमा वकिल उत्पादन बिधार्थीहरुलाई शिक्षा प्रदान गर्ने प्राध्यापक समेत रहनु भएको ।

३. डा. मदन कुमार खतिवडा (समितिको सदस्य) उहा कृषि अनुसन्धानको रिसर्चर तथा नेपाल सरकारको वरिष्ठ कृषि विज्ञ ।

४. डा. चेतन्य मिश्र (समितिको सदस्य) विश्व विद्यालयमा त्रिभुवन इन्चार्ज सीटी कीर्तिपुरमा प्राध्यापक हाल समेत उहाको योगदान रही आएको छ ।

५. मुकुन्द राज सत्याल (समितिको सदस्य) साझा यातायातको महाप्रबन्धक (जापान सरकारको सहयोगमा सपोर्ट रहेको उक्त बस संचालनमा नेपालले नेपाली जनतामा सेवा प्रदान गरेको थियो) विचमा बस बन्द भएपनि हाल साझा बसले सहकारी सस्था लिमिटेडलाई सक्रिय तुल्याई काठमाडौं उपत्यकामा महानगरपालिकाहरुको शेयर र थप सपोर्टबाट हालै चली रहेको साझा बस तथा सहकारीको लोकप्रिय जनता बीच सचालित रहेको छ ।

६. कुल चन्द्र अधिकारी (समितिको सदस्य) सहकारी अभियानको तर्फबाट देशभरका ३३ जिल्ला संघ र ८ सय ३० सहकारी संस्थाहरुको सयुक्त आन्दोलन संयोजन समितिको संयोजक काभ्रे जिल्ला संघ लिमिटेडको अध्यक्षको हैसियतले परामर्श समितिमा चयन ।

७. सदस्य सचिव रजिस्ट्रार भोगेन्द्र चौधरी भुवन उक्त परामर्श समितिलाई प्रतिवेदन तयार गरी समयमा नै बुझाउन प्रधानमन्त्री र कृषिमन्त्रीको सामुहिक निर्देशन भएको थियो ।

१.२०४७ मङ्सिर २० गते देखि सहकारी प्रशिक्षण केन्द्र बानेश्वरमा कार्यालय खोलि काम शुरु भएको थियो ।

२ चुनाव सम्पन्न भए पछी नेपाली कांग्रेसको बहुमत आएपछि कृषि मन्त्रि शैलजा आचार्यलाई नियुक्ति हुनु भयो, मैनाली प्रतिबेदन सहकारी परामर्श सम्बन्धि विशेष चासोका रुपमा हेरिएको थियो ।

३. राष्ट्रिय सहकारी विकास बोर्ड गठन गरि बोर्डको अध्यक्षमा दिपक प्रकाश बास्कोटा लगायत नेपाली कांग्रेसका कार्यकर्ताहरुलाई मनोनित गरियो, उक्त विकास बोर्डको अध्यक्षबाट सहकारी आन्दोलनमा भाग लिएका तथा निर्वाचित भएर ३३ जिल्ला संघ र ८३० संस्था रहेको प्रतिबेदनको सुझावलाई उक्त समितिबाट हेर्ने कार्य भयो ।

४. सहकारी ऐन २०४८ संसदवाट पारित गरि परामर्श समितिको सुझाव लाई संस्थागत रुपमा सरकारले सहकारीलाई राज्यशक्तिसंग फराकिलो काम कारवाहीलाई ७५ जिल्लामा समिति

गठन गरी सत्तापक्षका कार्यकर्तालाई जिम्मेवारी दिइयो । प्रतिपक्षलाई गुमराहमा पारियो ।

५. २०५० सालमा राष्ट्रिय सहकारी संघ लिमिटेडको विधिगत दर्ता गरियो, उक्त राष्ट्रिय संघको दर्ता भएपछी संस्थाको चुनाव गरेर संघ को प्रतिनिधि जिल्लावाट केन्द्रीय तहमा समय अबधि तोकेर प्रतिनिधि केन्द्रमा आइ पुगेपछि राष्ट्रिय सहकारी संघ लिमिटेडको चुनाव सम्पन्न भयो ।

६. २०५० देखि २०६३ सम्म अलमल जस्तो देखिए पनि २०६३ को अन्तरिम संविधान पछि देशमा सहकारीप्रतिको धारणामा परिवर्तन आयो, देशभरीनै सहकारिको उर्जा धेरै नै गहकिलो हिसावले जनता माझमा स्थापित रहेको र विषयगत संघ जिल्लामा र केन्द्रीय तहमा केन्द्रीय स्तरीय संघ हरुको विकास भयो ।

७. राष्ट्रिय सहकारी संघ लिमिटेडद्वारा अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए) को सदस्य देखि बिभिन्न मित्र राष्ट्र मा सहकारी विषयमा सम्बन्ध विकास हुदै हाल आइसीएमा निवार्चित सदस्य नेपाल भएको छ ।

८. राष्ट्रिय सहकारी बैंक लिमिटेड नेपाल राष्ट्र बैंक वाट स्वीकृति लिएर २०६० असार २५ गते सहकारी विभागका दर्ता भयो ।

९. राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको सिङ्गो सहकारी आन्दोलनको छाता महासंघ सम्पूर्ण सहकारीकर्मिको आफ्नै महासंघ राष्ट्रिय स्तर देखि अन्तर राष्ट्रिय तह सम्म सहकारी ब्यानरमा सहकारी भ्रमण, सहकारी अन्तर सम्बन्ध, सहकारी शिक्षा र नया नेतृत्व चयन सम्म पुग्न सफल भएको छ ।

१०. नेपालको संविधानले नेपाली जनतालाई न्याय दिएको छ, संबिधानमा नै सहकारी विषयलाई सम्बोधन गरिएको छ नेपालको अर्थतन्त्रमा सार्वजनिक, निजी र सहकारी उल्लेख छ । सहकारीलाई अन्य दुई आधार भन्द बलियो बनाउन हामी सबै जुट्न जरुरी छ ।

११. संघीय संरचना अनुसार तीन वटै तहको निर्वाचन सम्पन्न भएको छ । तीनवटै तहका जनप्रतिनिधिहरुले तीन खम्बे अर्थनीति अनुसारका नीति नियम बनाएर आर्थिक समृद्धिको अभियानमा लाग्न जरुरी छ । लाग्ने वातावरण बनाउन सहकारी अभियानको सक्रियता आवश्यक छ ।

नेपालको सहकारीको ६५ बर्षको इतिहास छ । २०१० सालमा सहकारी विभाग गठन भएदेखि २०७४ सालसम्मको अवस्था हेर्दा सहकारी बिभागदेखि सहकारी संस्था दर्ता २०१३, सहकारी ऐन २०१६ सहकारी बैंक स्थापना २०२०, सहकारी ब्यानर लाई साझा ब्यानरमा सम्बोधन देखि अनिवार्य बचत भक्तपुरबाट फिर्ता अभियान व्यवस्था परिवर्तनमा सहकारीकर्मिहरुको भूमिका सहकारी क्षेत्रको उल्लेखनीय पक्ष हुन् ।

सहकारी अभियानको पहिलो चरण २०१६ साल सम्म, दोश्रो चरण २०१७ साल देखि २०४६ सम्म र तेस्रो चरण २०४७ देखि २०७३ सम्म रहेकोमा अव चौथो चरण शुरु भएको छ । सहकारी ऐन २०७४ जारी भएको छ । यो ऐनमा केही कमजोरी पक्ष र केहि उदहारणीय पक्ष रहेका छन् । अब बन्ने नियमावली र निर्देशिकाहरुले सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्न जरुरी छ ।

सबैको ध्यान आर्थिक समृद्धितर्फ छ, त्यसका लागि सहकारी सबै भन्दा उत्तम र सही विकल्प हो । सहकारीमार्फत आर्थिक समृद्धिका लागि स्थानीय देखि केन्द्र सरकारले ध्यान दिन जरुरी छ । सहकारी दिवस २०७४ ले सहकारीमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सबैको ध्यान आकृष्ट गर्न सक्नु पर्छ । यसो गर्न सकियो भने मात्रै जनताले परिवर्तनको अनुभूति गर्ने छन् । माथिका चरण बद्धका बारेमा लिखित सम्पूर्ण विवरणहरु आगामिको अंकमा प्रकाशित गरिदै जानेछु ।

२०४७ सालमा तत्कालिन कृषि मन्त्री झलनाथ खनालको अग्रसरता तथा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अभिभावकत्वमा सहकारी ऐन निर्माणका परामर्श समिति गठन गरी प्रक्रिया अगाडि बढाए पनि समितिले पेश गरेको प्रस्ताव २०४८ पछि बनेको सरकारले सम्हाल्न सकेन । सहकारी ऐन २०१६ ल्याएको प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसले बहुदलीय व्यवस्था आएपछि परामर्श समितिको प्रतिवेदन नपढी अगाडि बढ्यो । जसका कारण सहकारीलाई विधि होइन कार्यकर्ताको भरमा चलाउने अवस्था सिर्जना भयो । सहकारी ऐन २०४८ आएको २६ वर्षपछि नयाँ ऐन आएको छ । अब हामी सधैं मिलेर सहकारीका बारेमा एउटा धारणा बनाएर अधि बढौ हालै विदेशीको हस्तक्षेप नीतिको विरोधमा सरकारको धारणा आएको छ । सहकारीले यस्ता विषयमा स्वागत गर्दछ र कि दोगो सहकारीले देशको आर्थिक सम्बृद्धिमा आफ्नो योगदान दिन तयार रहेको छ । हामी जुटौ, हामी नफुटौ सहकारीलाई हामी सबैको फुलबारी बनाऔं । दोश्रो सहकारी सम्मेलन राष्ट्रिय सहकारी महासंघको आयोजनामा हुन गईरहेकोमा स्वागत गदै पूर्ण सफलताको कामना गर्दछौ ।

## सहकारी आवाज

**हामी हाम्रो सहकारी आवाजलाई**
**सधै बुलन्द गर्दै आएका छौ ।**

**देशको शक्ति संगठित शक्ति**
**सहकारी आन्दोलनलाई सफलतामा चुमेका छौ ।**

**लाखौ लाख सहकारीकर्मी**
**दिनरात नभनी खटेका छौ ।**

**किसान मजदुर श्रमजीवी सबैको**
**आर्थिक सम्वृद्धिको बाटो पहिल्याएका छौ ।**

**पसिना बगाउछौ परिणाम दिनका लागि**
**ब्यबहारिक सामाजिक दायित्व निभाउछौ ।**

**सम्पूर्ण देशभरीको सहकारीलाई**
**राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको छाता भित्र ल्याउनेछौ ।**

**निर्वाचनबाट देशले निकास पाएको छ**
**सम्पूर्ण चुनाव सम्पन्न गराएका छौ ।**

**नेपालीको शिर उठेको छ**
**हामीले सहकारीहरुको मनोवल बढाएका छौ ।**

**संघियताको बाटोमा हामी छौ**
**सबै ७५३ स्थानीय तहलाई**

**७ प्रदेश सबैमा सहकारी सफल पार्नेछौ ।**
**केन्द्रीय सरकार सबैको लागि अभिभावक भएर**

**सम्पूर्ण देशका गतिविधिलाई रक्षा गर्ने छौ ।**
**आजको कामलाई भोलि नभन्न**

**दैनिक कामको सम्पादन गर्ने छौ ।**
**हामी हाम्रो सहकारी आवाजलाई**

**सधै बुलन्द गर्दै आएका छौ ।**
**जय सहकारीको नाराले सुख पाउनेछन् साराले**

**जय सहकारी धन्यवाद**
**सहकारीको जन्मदिन सबैका लागी**
**सधै सम्झना रहोस ।**

# ब्याजदर परिवर्तन सम्बन्धी सूचना

यस बैंकको मिति २०७४/११/२१ गतेको निर्णय बमोजिम यस बैंकले प्रदान गर्ने कर्जा र स्वीकार गर्ने निक्षेपको ब्याजदरमा तपशिल बमोजिम परिवर्तन गरिएको हुदाँ संघ/संस्थाको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**बचत तर्फ**

| खाताको प्रकार | न्यूनतम मौज्दात तथा अवधि | साधारण ब्याजदर | पुँजी वृद्धि स्किममा |
|---|---|---|---|
| साधारण | न्युनतम मौज्दात रु.५,०००/- | ६.२५ | ६.७५ |
| विशेष बचत | न्युनतम मौज्दात रु.१०,०००/- | ७.०० | ७.५० |
| सुपर बचत | रु २५ हजार देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ७.२५ | ७.७५ |
| | रु.२५ लाख देखि माथी रु.१ करोड सम्मको मौज्दातमा | ७.५० | ८.०० |
| | रु.१ करोड देखि माथीको मौज्दातमा | ८.०० | ८.५० |
| अनिवार्य नियमित बचत | मासिक रु.१,०००/- का दरले जम्मा | ८.०० | ८.५० |
| | मासिक रु.५,०००/- का दरले जम्मा | ८.५० | ९.०० |
| | मासिक रु.१०,०००/- का दरले जम्मा | ९.०० | ९.५० |
| | मासिक रु.१०,०००/- भन्दा माथीका दरले जम्मा | ९.५० | १०.०० |
| क्रमिक बचत | ६ महिने अवधी | ८.०० | ८.५० |
| | १ वर्ष अवधी | ८.५० | ९.०० |
| मुद्धती निक्षेप | ६ महिने | १०.५० | ११.०० |
| | १ वर्ष | ११.५० | १२.०० |

**कर्जा तर्फ**

| कर्जाको प्रकार | अवधि | ब्याजदर प्रतिशत |
|---|---|---|
| (क) कृषी तथा कृषीपरियोजना कर्जा (किस्तावन्दी) | ३ महिना देखि ५ वर्ष | १०.२५-१३.२५ |
| (ख) अन्य परियोजना कर्जा (किस्तावन्दी) | ३ महिना देखि ५ वर्ष | १०.७५-१३.७५ |
| (ग) (Term Loan) आवधिक कर्जा मासिक किस्तावन्दी | ३ महिने | ११.५० |
| | १ वर्ष | १२.५० |
| | २ वर्ष | १३.०० |
| | ३ वर्ष | १३.५० |
| | ४ वर्ष | १४.०० |
| | ५ वर्ष वा सो भन्दा माथी | १४.५० |
| (घ) हायर पर्चेज कर्जा (किस्तावन्दी) | १ वर्ष देखि ५ वर्ष | ११.२५-१४.२५ |
| (ङ) लघु कर्जा (किस्तावन्दी) | ३ वर्ष | १२.५०-१३.०० |
| (च) घर घडेरी खरिद तथा भवन निर्माण कर्जा | ५ देखि १० वर्ष | १३.००-१४.०० |
| (छ) तरलता व्यवस्थापन कर्जा | १ वर्ष | १३.७५ |
| (ज) चालु पुँजी कर्जा | १ वर्ष | १४.७५ |
| (झ) निक्षेप कर्जा | - | निक्षेपको थप २ प्रतिशत |

(१) हायरपर्चेज कर्जाको मार्जिन कम्तीमा ३५ प्रतिशत हुनेछ ।
(२) घर घडेरी खरिद तथा भवन निर्माण कर्जाको स्व:लगानी कम्तीमा ३० प्रतिशत हुनु पर्नेछ ।
(३) कर्जाको प्रक्रियागत शुल्क ३ महिना को ०.५० प्रतिशत र सो भन्दा माथी १ प्रतिशत हुनेछ ।
(४) सबै प्रकारका कर्जामा म्याद नाघेको अवस्थामा ५ प्रतिशत हर्जना लाग्नेछ ।
(५) अपाङ्ग, दलित र महिलाद्वारा मात्र संचालित संस्थालाई पूँजी वृद्धि स्कीम बमोजिम सबै सुविधा उपलब्ध हुनेछ ।
(६) सहकारी संघ/संस्थाहरुले स्व-प्रयोजनका लागी घर/घडेरी खरीद तथा भवन निर्माण गर्न कर्जा माग गरेमा प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत सम्म छुट दिन सकिनेछ ।
(७) उपत्यका बाहिरका शाखा कार्यालयहरुले स्थानीय अवस्था हेरी केन्द्रको पुर्व स्विकृती लिएर निक्षेप तथा कर्जा दुबै तर्फ समान रुपले फरक हुने गरी प्रकाशित ब्याजदरमा बढिमा २ प्रतिशत सम्म घटबढ हुने गरी फरक ब्याजदर कायम गर्न सक्नेछन् ।
(८) लघुवित्त कर्जा लगानीको ब्याजदर बर्गीकरणको आधारमा १२.५० देखी १३.०० प्रतिशत सम्म कायम गरिनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८३, Web: www.ncbl.coop

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर

## लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

## दोश्रो त्रैमास आ.व. २०७४/०७५ (मिति २०७४/०९/३०)

रकम रु. हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| **१** | **कूल पूंजी तथा दायित्व (१.१ देखि १.७)** | **१६,५२८,५५५** | **१४,६२३,०६३** | **११,७४०,०७६** |
| १.१ | शेयर पूंजी | ९३०,४४४ | ८९७,६५४ | ८०९,७६९ |
| १.२ | जगेडा तथा कोषहरु | ३९२,३२१ | २८३,३८८ | ३२२,२५५ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ३४७,४५६ | ३६७,४७९ | ८११,५८३ |
| १.५ | निक्षेप दायित्व | १४,७०९,९०३ | १२,७७६,९६१ | ९,६८८,१२२ |
| | क.स्वदेशी मूद्रा | १४,७०९,९०३ | १२,७७६,९६१ | ९,६८८,१२२ |
| | ख.बिदेशी मूद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | १४८,४३१ | २९७,५८१ | १०८,३४७ |
| **२** | **कूल सम्पती (२.१ देखि २.७)** | **१६,५२८,५५५** | **१४,६२३,०६३** | **११,७४०,०७६** |
| २.१ | नगद तथा बैंक मौज्दात | ३,४२४,९३४ | ३,५८५,८३६ | २,२६०,४१४ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | | – |
| २.३ | लगानी | २,८१०,११५ | १,९७५,११५ | १,४७०,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | ९,९७९,२३८ | ८,७४४,१४५ | ७,७३६,२५५ |
| २.५ | स्थिर सम्पती | १७०,४१३ | १६६,६८९ | १७२,००० |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | १४३,८५५ | १५१,२७८ | १०१,२९२ |
| **३** | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ८४४,०१९ | ४०६,२७९ | ४९६,४७० |
| ३.२ | ब्याज खर्च | ५५९,३२६ | २८९,९०१ | २६७,००७ |
| | **खुद ब्याज आम्दानी** | **२८४,६९३** | **११६,३७८** | **२२९,४६३** |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | ४९४ | १९४ | १४४ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ४०,३४४ | १३,३८० | २७,६५९ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | **३२५,५३१** | **१२९,९५२** | **२५७,२६६** |
| ३.६ | कर्मचारी खर्च | ५७,६३४ | ३२,५५३ | ५६,२२० |
| ३.७ | अन्य संचालन खर्च | २६,९४२ | १२,५५८ | २५,८८० |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **२४०,९५५** | **८४,८४१** | **१७५,१६६** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | १४४,०८७ | ७८,५४८ | १४१,७१७ |
| | **सञ्चालन मुनाफा** | **९६,८६८** | **६,२९३** | **३३,४४९** |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | ३७ | (१२६) | ३७ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ६९,७४० | १३,१५० | १००,६३२ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **१६६,६४५** | **१९,३१७** | **१३४,११८** |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | ४३० | – | १,४२० |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **१६७,०७५** | **१९,३१७** | **१३५,५३८** |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | १५,१८९ | १,७५६ | १२,३२२ |
| ३.१३ | आयकर व्यवस्था | ३०,३७७ | ३,५१२ | २४,६४३ |
| | **खुद नाफा/(नोक्सान)** | **१२१,५०९** | **१४,०४९** | **९८,५७३** |
| **४** | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पूंजीको पर्याप्तता (प्रतिशत) | १०.३३ | १०.५१ | १२.२३ |
| ४.२ | निष्क्रिय कर्जा/कूल कर्जा (प्रतिशत) | ३.४७ | ३.५३ | २.६६ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | ९६.०८ | १०१.६८ | ९३.९३ |
| ४.४ | पूंजिको औसत लागत | ७.८३ | ७.७७ | ८.५७ |
| ४.५ | कर्जा/निक्षेप अनुपात (प्रतिशत) | ६७.८४ | ६८.४४ | ७९.८५ |

**नोट : यदि नेपाल राष्ट्र बैंक तथा वाह्य लेखापरिक्षणले कारण सहित विवरण परिवर्तन गरेको खण्डमा विवरणहरु परिवर्तन हुन सक्नेछ ।**

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
**केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop**

# ACCESS Branding सम्बन्धी तालिम सम्पन्न




नगरकोट,

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना संचालक, लेखा समिति तथा उच्च व्यवस्थापनका कर्मचारीहरुको लागि ३ दिन सम्म संचालन गरेको ACCESS Branding सम्बन्धि तालिम फागुन १२ गते सम्पन्न भएको छ । एशियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोगमा (ACCU) ले नै विकास गरेको अवधारणा अनुरुप एशियाली स्तरको गुणस्तर सुनिश्चित गर्ने मापदण्ड ACCESS (A1 Competitive Choice for Excellence in Service and Soundness) Brand भविष्यमा बैंकका सदस्य संस्थाहरुलाई प्रदान गर्ने लक्ष्य सहित तालिम संचालन भएको थियो ।

तालिम कार्यक्रमको सहजीकरण एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत Ms. Elenita V San Roque (Leni) र पूर्व प्रमुख कार्यकारी अधिकृत Ranjith Hettiarachchi ले गर्नुभएको थियो, तालिम कार्यक्रमको समापनको अबसरमा बोल्दै प्रशिक्षक Ranjith Hettiarachchi ले ACCESS संग सम्बन्धित मापदण्डहरु कुनै पनि सहकारी संस्थाले एक पटक मात्र पुरा गर्ने भन्दा निरन्तर चलिरहने प्रक्रिया भएकोले यसमा ध्यान दिनुपर्ने बताउनु भयो, साथै यस तालिम पश्चात बैंकले भविष्यमा आफ्ना सदस्यहरुको लागि ACCESS Branding कार्यक्रमलाई अगाडी बढाउन लागेकोले खुसि व्यक्त गर्दै शुभकामना दिनुभएको थियो ।

ACCESS Branding सम्बन्धमा (ACCU) ले मापदण्ड तयार गरि प्लाटिनियम, गोल्ड, सिल्भर र ब्रोन्ज गरी चार तहको ब्राण्ड निर्धारण गर्ने गरेको छ, बैंकका संचालक, लेखा समिति र उच्च व्यवस्थापनका कर्मचारीहरु १९ जनाको सहभागिता रहेको तालिम नगरकोट स्थित रत्नागिरि रिसोर्टमा संचालन भएको थियो ।

# पोखरामा सहकारी ऐन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

पोखरा,

राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा प्रदेशसभाका सदस्य प्रभा कोइरालाले राज्यले लिएको तीन खम्बे अर्थनीति अनुसार राज्यका सबै क्षेत्रमा सहकारीको ३३ प्रतिशत सहभागिता अनिवार्य गर्नु पर्नेमा जोड दिनु भएको छ । जिल्ला सहकारी संघ लिमिटेड कास्की र राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाले आइतवार पोखरामा आयोजना गरेको सहकारी ऐन २०७४ र समसामयिक विषयक अन्तरक्रियामा उहाँले यस्तो बताउनु भएको हो ।

संविधानले सहकारीलाई आर्थिक विकास र सामाजिक रुपान्तरणको महत्वपूर्ण पाटोका रुपमा लिएकाले सोही अनुसारका नीति नियम बनाएर सहकारीको सहभागितामा बढाउनु पर्नेमा उहाँको जोड थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी ऐनमा उल्लेख भएका सकारात्मक विषयहरुलाई प्रभावकारी कार्यान्वयन गर्न र सहकारीलाई वाधा उत्पन्न गर्ने विषयहरुलाई परिमार्जनका लागि परामर्श गर्नु पर्ने बताउनु भयो । सहकारी क्षेत्रबाट जनताले श्रम, शीप र पूँजि परिचालन गरी थप आयआर्जन गर्ने, वचत गर्ने र आफ्ना समस्या आफै समाधानको बाटोमा लागेर राज्यलाई सहयोग गरेको भन्दै उहाँले सहकारी क्षेत्रको योगदानलाई स्मरण गरेर सहकारी मैत्री नीति नियम निर्माणमा जोड दिनुभयो ।

कार्यक्रमको उदेश्य र प्रभावकारीताका बारेमा जानकारी गराउदै राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसीले सहकारी अभियानलाई आर्थिक विकास र सामाजिक रुपान्तरणको महत्वपूर्ण आधार क्षेत्रका रुपमा विकास गर्नका लागि यसका नीति नियमहरुको पालना गर्दै व्यावसायिकतामा ध्यान दिनु पर्ने बताउनुभयो ।

कार्यक्रममा नेफ्स्कुनका सञ्चालक भीम गुरुडले सम्पत्ती शुद्धिकरणले सहकारीहरुलाई संस्थागत हुन प्रेरित गरेको भन्दै यसलाई अन्यथा लिन नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा जिल्ला वचत तथा ऋण सहकारी संघ कास्कीका अध्यक्ष सुदिप ढकाल, जिल्ला सहकारी संघका वरिष्ठ उपाध्यक्ष बलराम गौतम लगायतले बोल्नु भएको थियो ।




कार्यक्रम जिल्ला सहकारी संघ लिमिटेड कास्कीका अध्यक्ष रविरमण तिवारीको अध्यक्षता, राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङको स्वागत र बैंकका शाखा प्रमुख केदारनाथ उप्रेतीको सञ्चालनमा सम्पन्न भएको थियो ।

कास्कीका विभिन्न विषयका १ सय ५० वटा सहकारी संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा सहकारी ऐनले सहकारीको प्रवर्द्धनमा पार्न सक्ने प्रभाव लगायत समसामयिक विषयमा छलफल भएको थियो ।

# सहकारीको साथले फेरिदै जीवनशैली

चापागाउँ/ललितपुर,

देशमा कृषि व्यबसाय गरि जीविका चलाउन कठिनाई देख्दै विदेश पलायन हुने युवाहरुको समुह दिन प्रतिदिन बढ्दै गएको छ । स्वदेशमा काम पाइएन भनेर विदेश जाने युवाहरु धेरैको विचल्ली भएका समाचारहरु पनि आइरहेका छन् । तर ललितपुरको चापागाउँका युवाहरु भने स्वदेशमै केही गरौ भन्ने दृढताका साथ उत्पादनमा जुटेका छन् । चापागाउँका युवाहरुले च्याउ खेती गरेर मनग्य आम्दानी गरिरहेका छन ।

युवाहरुलाई च्याउ उत्पादनको आर्थिक व्यवस्थापन चापागाउँ स्थित चापागाउ च्याउ उत्पादन सेवा सहकारी संस्था लिमिटेडले जुटाई दिएको छ । संस्थाले राष्ट्रिय सहकारी बैंकको सहयोगमा युवाहरुलाई उत्पादनमा लाग्न प्रेरित गरेको छ । संस्थामा आबद्ध भएका युवाहरुलाई समय समयमा च्याउ खेती सम्वन्धी विभिन्न तालिम दिने, अवलोकन भ्रमण गराउने र खेती गर्न ईच्छुक कृषकलाई सुलभ दरमा ऋण उपलब्ध गराउन थालेपछि युवा तथा कृषकहरु च्याउ खेती तर्फ आर्कषित भएका हुन् । ३ सय ८७ जना शेयर शेयर सदस्य रहेको संस्थाले २७ समुह बनाएर उत्पादनमा जुट्न सहयोग गरेको छ । २७ समुहका ५० जना सदस्यहरुलाई च्याउ खेतीका लागि लगानी गरिएको छ । सदस्यहरुको माग अनुसार आगामी दिनमा लगानी वृद्धि गर्दै जाने संस्थाले लक्ष्य लिएको छ ।

संस्थावाट च्याउ खेतीका लागि कर्जा लिई मागमा आधारित च्याउ उत्पादनलाई आधार मान्दै सफल व्यबसायी बन्न सफल शेयर सदस्य नारायणी अधिकारीले अहिले मासिक न्युनतम ५० हजार आम्दानी गर्नुहुन्छ, थोरै लगानी र मेहनत गरी छोटो समयमा राम्रो आम्दानी हुने र च्याउ खेती गर्दा सहकारी संस्थावाट समेत सुलभ दरमा कर्जा उपलब्ध हुने हुदा आफु यस खेति तर्फ आकर्षित भएको उहाले बताउनु भयो ।



चापागाउ च्याउ उत्पादन सेवा सहकारीको साथले राम्रोसंग आम्दानी गरेर परिवारका आवश्यकता पुरा गर्नुका साथै वचत समेत गर्न सकेको उहाँको भनाइ छ । नारायणी जस्तै शेयर सदस्य अर्जुन दानीले लगानी कटाएर मासिक ५० हजार बढी रकम बचत गर्दै आउनु भएको छ । च्याउसंगै मौसमी बेमौसमी तरकारी खेती गर्ने गरेका दानीले यसैबाट छोराछोरीहरुलाई पढाउन र घर खर्च चलाउन सहज भएको बताउनुभयो । उहाँले घर खर्च चलाएर बचत हुने रकमलाई व्यबसाय वृद्धि गर्न लगानी गर्नु भएको छ ।

पैसा कमाउन विदेश नै जानु पर्छ भन्ने छैन, विदेशमा जति मेहनत गऱ्यो भने स्वदेशमै मनग्य आम्दानी गर्न सकिने संस्थाका शेयर सदस्य नेत्र कुमारी कार्कीले बताउनुभयो । च्याउ खेतीबाट मासिक २५ हजार वचत गर्दै आएकी कार्कीले आगामी दिनमा बेमौसमी च्याउ खेती गर्ने सोच राख्नु भएको छ ।

संस्थाका व्यबस्थापक श्याम कृष्ण सापकोटाले सहकारीमा आबद्ध सदस्यहरुले एउटा टनेलमा १ सय देखि २ सय पोका सम्म च्याउखेती गर्ने गरेको, ८ रोपनी सम्मको जग्गामा ५० /६० छाप्रा (टनेल) बनाइ मौषमी बेमौषमी दुवै च्याउ उत्पादन गरेको जानकारी गराउनु भयो । संदस्य संस्थालाई च्याउ खेतीमा आबद्ध गराउन र सदस्यहरुको जीवनशैलीमा परिवर्तन ल्याउन सहकारीले राष्ट्रिय सहकारी बैंकको चापागाउँ शाखाबाट ५० लाख लघुकर्जा लिएको जानकारी उहाले दिनुभयो, सहकारी बैंकवाट ऋण सहायता नभएको भए यो सम्भव हुने थिएन आगामी दिनमा समेत बैंकको थप सहयोग आवश्यक रहेको उहाको भनाइ छ । व्यवसायिक रुपमा च्याउ खेती विस्तारका लागि सदस्यहरुलाई कर्जा लगानी गर्दा च्याउ खेती सम्बन्धि तालिम, बिउ व्यबस्थापन तालिम, बिषादी व्यबस्थापन तालिम साथै अन्य प्राविधिक सहयोग सहकारी संस्थाले गरेको थियो । अहिले संस्थाका सदस्यहरुले वार्षिक न्युनतम २ हजार के.जी च्याउ उत्पादन गरि बिक्रि वितरण गर्दै आइरहेका छन, संस्थाले च्याउ खेतीमा सदस्यहरुलाई प्रेरित गर्न बार्षिक रुपमा उत्कृष्ट सदस्य सम्मान समेत गर्ने गरेको सापकोटाले बताउनु भयो । ६७ लाख शेयर पूँजी रहेको संस्थाले हाल २ करोड ५० लाख बराबरको कारोवार गरिरहेको छ ।

बजारमा च्याउको माग बढिरहेका बेला ग्रामिण क्षेत्रतिर च्याउ खेती गर्ने सिप विस्तार गर्न सके थप कृषकहरुको जिवनस्तरमा समेत बृद्धि हुने भएकाले राष्ट्रिय सहकारी बैंकले यस्ता खाले सहकारीहरुलाई प्रवर्द्धन गर्नु पर्नेमा सापकोटाको जोड छ । सहकारी बैंकले उत्पादन, प्रशोधन, बजारीकरण, वातावरण र सेवा क्षेत्रमा काम गर्ने सहकारीहरुको प्रवर्द्धनका लागि योजना बनाएको बैंकले जनाएको छ ।



# १४ औं वार्षिक साधारणसभाको झलकहरुः

















# १४ औं वार्षिक साधारणसभाको झलकहरुः

















# १४ औं वार्षिक साधारणसभाको झलकहरुः

















# १४ औं वार्षिक साधारणसभाको झलकहरू:









# १४ औं वार्षिक साधारणसभाको झलकहरू:









# १४ औं वार्षिक साधारणसभाको झलकहरुः









